
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं ।
- नियमित रूपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❖ वर्ष ३६ ❖ २०७९ कात्तिक १८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 04 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६६

## ठोरीमा फूटबलको भूत सवार

चिरञ्जीवी सापकोटा, ठोरी, १७ कात्तिक/

कुनै बेला पर्सा जिल्लाको दुर्गम भनिने ठोरी गाउँपालिकामा अहिले सडक


तस्वीर: फाइल

सञ्जाल विस्तार भएसँगै फूटबल प्रतियोगिताको भूत सवार भएको छ । पाँचवटा वडा रहेको सो पालिकामा करीब दुई दर्जन फूटबल क्लब छन् । १९ वटा ठूला र ५/७ वटा साना क्लब ठोरी गापाका विभिन्न वडामा सक्रिय छन् ।

ठोरी गापाका पाँचवटै वडामा खेलमैदान छन् । वडा नं १ को भगवाननगर, क्यामुनाघारी, चौतारा र सरस्वतीनगरमा गरी चारवटा खेलमैदान छन् । यी खेल मैदानमा जनचेतना युवा क्लब, निर्मल समाज युवा क्लब र श्रीस्टार क्लबले निरन्तर फूटबल प्रतियोगिता आयोजना गर्दै आएका छन् ।

यसैगरी, ठोरी गापा-२ को हनुमाननगर, फायरलाइन, ब्यारेक मैदान, सुन्दरबस्ती र वनशक्तिमा गरी पाँचवटा फूटबल मैदान छन् । यहाँ हरियाली युवा क्लब, नवयुवा क्लब, अमृत युवा क्लबले फूटबल प्रतियोगिता आयोजना गर्ने गरेका छन् ।

ठोरी गापा-३ को रामनगर, ब्रह्मनगर, बुद्धनगर गरी तीन ठाउँमा खेलमैदान छन् । यहाँ सनराइज युवा क्लब, ब्रह्मज्योति युवा क्लब, बुद्धनगर युवा क्लबले फूटबल प्रतियोगिता आयोजना गर्दै आएका छन् ।

वडा नं ४ को निर्मलबस्ती,



विजयबस्ती र वडा नं ५ को बाघमोर्चामा खेलमैदान छन् । जहाँ विजयबस्ती युवा क्लब, सुवर्ण युवा क्लब, चौतारी युवा क्लबले फूटबल प्रतियोगिता आयोजना गर्दै आएका छन् ।

वडा नं १ मा चार, वडा नं २ मा पाँच, वडा नं ३ मा चार, वडा नं ४ मा तीन र वडा नं ५ मा तीनवटा फूटबल क्लब छन् ।

भर्खरै दशैंमा यहाँ दुईवटा फूटबल प्रतियोगिता सम्पन्न भए र अहिले दीपावली र छठ पर्वको अवसरमा ब्रह्मज्योति युवा क्लबले आयोजना गरेको नकआउट फूटबल प्रतियोगिता जारी छ । कृष्ण जन्माष्टमी, हरितालिका तीज, दशैं, दीपावली, छठ र ल्होसार पर्वमा विशेषगरी फूटबल प्रतियोगिता आयोजना हुँदै आएका छन् । यस अलावा पनि यहाँ विभिन्न अवसरमा फूटबल प्रतियोगिता आयोजना हुँदै आएका छन् । एउटा फूटबल प्रतियोगितामा कम्तीमा पनि रु छ लाख खर्च हुने गरेको छ । स्थानीय पालिका, वडाध्यक्ष, सदस्य, सांसद, प्रदेशसभा सदस्य, विभिन्न सङ्घसंस्था, खेलप्रेमी तथा विदेशमा रहेका ठोरीवासीहरूले प्रतियोगितामा सहयोग गर्दै आएका बताइएको छ । ठोरीमा मात्र वार्षिक एक करोडभन्दा बढी रकम विभिन्न खेलकूद प्रतियोगितामा खर्च हुँदै आएको छ ।

## वीरगंजका सुनचाँदी व्यवसाय तस्करीको सुनमा निर्भर

प्रस, वीरगंज, १७ कात्तिक/

वीरगंजका सुनचाँदी व्यवसायीहरूले तस्करीको सुन प्रयोग गरिरहेको पोल खुलेको छ । सरकारले सुन आयात दैनिक १५ किलोमा सीमित गरेको छ । यसअघि दैनिक २५ किलो सुन आयात हुन्थ्यो ।

नेपालभरि दैनिक २५ किलो सुन खपत हुने अनुमान नेपाल सुनचाँदी व्यवसायीले गरेको छ । बितेका दशैं, तिहार, छठमा सुनको माग दैनिक ५० किलो पुगेको सङ्घको दाबी छ । तर सरकारले दैनिक १५ किलो मात्र सुन उपलब्ध गराउँदा समस्या भएको सङ्घले जनाउँदै आएको छ ।

नेपाल सुनचाँदी व्यवसायी सङ्घ, पर्साले एकजना पसलेलाई मासिक २० ग्राम सुन मात्र उपलब्ध गराउँदै आएको छ । पर्सा जिल्लामा ३५४ भन्दा बढी सुनचाँदी व्यवसायीहरू छन् । उनीहरूले चाडपर्वमा र अहिले पनि तस्करीको सुन खरीद गरिरहेको स्रोतले जनाएको छ । ठूला सुनचाँदी व्यवसायीहरूले सङ्घबाट प्राप्त सुनबाट ग्राहक थेग्न नसकेपछि महँगोमा सुन खरीद गरी कम मुनाफामा बिक्री गरिरहेको बताइएको छ ।

अहिले सङ्घमार्फत सुन लिंदा तोलाको रु ९३ हजार पर्छ तर तस्करीको सुन रु एक लाखमा बिक्री भइरहेको स्रोतले जनाएको छ । सरकारले बैंकमार्फत सङ्घलाई उपलब्ध गराउने सुन अपुग


तस्वीर: फाइल

भएको कारण सुन व्यवसायीहरू तस्करीको सुनमा भर परेका हुन् । ठूलो सङ्ख्यामा सुनचाँदी पसल हुनु र माग अनुसारको सुन नदिंदा अहिले अधिकांश पसले तस्करीको सुनमा निर्भर छन् ।

पसल सञ्चालन गर्नुपर्ने बाध्यताले कम मुनाफा भएपनि तस्करीको सुन खरीद गर्नुपरेको एकजना व्यवसायीले बताए । उनले सङ्घबाट मासिक २० ग्राम मात्र सुन प्राप्त हुने र सोही अनुसारको बिलबीजक तयार गर्नुपर्दा करचुक्तामा पनि समस्या भइरहेको बताए ।

साना पसलहरूलाई समस्या नभए पनि ठूला पसलहरूले मासिक २० ग्राम सुनको भरमा ठूलो खर्चमा पसल सञ्चालन गर्दा पनि स्थानीय प्रशासनले यस सम्बन्धमा कुनै कारबाई गर्न सकेको छैन । वीरगंजमा दैनिक एक किलोसम्म सुन खपत गर्ने पसलहरू पनि छन् । ती पसलहरूले मासिक २० ग्राम सुनबाट कसरी पसल सञ्चालन गरिरहेका छन् भन्नेबारेमा कुनै पनि सरोकारवाला निकायले खोजीनिती गरेका छैनन् ।

## कृषि औजार कारखाना: सञ्चालनको तयारी कि चुनावी हतकण्डा

प्रस, वीरगंज, १७ कात्तिक/

विभिन्न समयमा चुनावी मुद्दा बन्दै


तस्वीर: प्रतीक

आएको कृषि औजार कारखाना सञ्चालन हुने सङ्केत देखिएको छ ।

नेपाल सरकारले पछिल्लो समयमा सो कारखाना राष्ट्रिय आविष्कार केन्द्रलाई जिम्मा दिएपछि टोलीले तीन दिनदेखि काम शुरू गरेको छ । जसले गर्दा कारखाना सञ्चालन हुने आशा बढेको छ ।



केन्द्रका प्रमुख नेपालका ख्यातिप्राप्त वैज्ञानिक डा महावीर पुनलगायत १० जनाको टोलीले बन्द रहेको कृषि औजार कारखाना सञ्चालनको लागि गति प्रदान गरेको छ । टोलीले सिभिल, इलेक्ट्रिकल तथा मेकानिकलतर्फका प्राविधिकहरू खटाएर काम शुरू गरेको छ ।

पहिलो चरणमा कारखानाको सरसफाइ र पुराना मेशिनहरूको अवस्थाबारे अध्ययन भइरहेको केन्द्रका प्रमुख डा पुनले बताए । सरकारले सञ्चालन मितिदेखि १० वर्षको लागि सो केन्द्रलाई जिम्मा दिएपछि कामको सुरुआत भएको हो । यसअघिका सरकारले कृषि औजार कारखाना र वीरगंज चिनी कारखाना सञ्चालन गर्ने भनेर जनतालाई भुक्याउँदै आएका थिए ।

कारखानामा ८० प्रतिशत मेशिनको अवस्था ठीक रहेको प्राविधिक टोलीको दाबी छ । नेपाल सरकारले चाहेमा आगामी एक वर्षमा कारखाना सञ्चालनमा ल्याउन सकिने प्राविधिक टोलीले पत्रकारहरूलाई बताए ।

तीन दशकअघि कृषि औजार कारखाना बन्द भएको हो । कारखानाका मेशिनहरूको अवस्था खासै खराब नभएको र सरकारले चाहेको खण्डमा सञ्चालन हुन सक्ने पूर्वकर्मचारीहरूको पनि भनाइ छ । सरकारी इच्छाशक्तिको अभावमा कारखाना लामो समयसम्म बन्द रहेको उनीहरूको आरोप छ ।

कारखाना सञ्चालनमा हुँदा नेपाल विद्युत् प्राधिकरण, हेटौंडा दुग्ध, सिमेन्ट कारखानालाई आवश्यक पर्ने सामग्रीदेखि किसानलाई चाहिने अधिकांश कृषि औजार उत्पादन हुँदै आएको थियो ।

> तत्कालीन श्री ५ को सरकारले २०२४ सालमा स्थापना गरेको कृषि औजार कारखाना सञ्चालनमा रहेको क्रममा देशमा प्रजातन्त्र आउने बित्तिकै २०४८ सालमा बन्द भएको थियो ।
>
> २०४८ सालदेखि विभिन्न युनियन तथा व्यवस्थापन पक्ष परिवर्तन हुँदै गएपछि कारखाना टाट पल्टेको कारखानाका पुराना कर्मचारी मनोहरप्रसाद गौतम बताउँछन् । उनले २०४८ सालसम्म हामीलगायत ३०० मजदूरले बोनस खाएको बताए ।
>
> कारखानाको बैंक खातामा रहेको रकमबाट मजदूरहरूले २०५३ सालसम्म तलब खाएको उनले बताए । बैंकले पैसा दिन छाडेपछि २०५९ सालसम्म कारखानामा कार्यरत मजदूरहरू वीरगंजदेखि काठमाडौंसम्म पुगेर आन्दोलन गरेपछि २०५९ मा नेपाल सरकारले कारखानालाई निजीकरण गरेको थियो ।
>
> ४० प्रतिशत शेयर पाएका रमेशलाल वैद्यले राजनीतिक खिंचातानी तथा मजदूर आन्दोलनका कारण कारखाना सञ्चालन गर्न सकेनन् । नौ बिघा ११ कट्ठा क्षेत्रफलमा रहेको कारखानाको सुरक्षाको लागि सरकारले छजना कर्मचारीलाई निरन्तरता दिई बाँकी कर्मचारीहरु हटाइसकेको छ ।

२०६४ सालको परिवर्तनपछि वीरगंजमा रहेका वीरगंज चिनी कारखाना, तथा कृषि औजार कारखाना सञ्चालनका लागि आवाज उठेको हो ।

(बाँकी पाँचौं पातामा)

## जङ्गली जनावरको वृद्धि, वनविनाशमा कमी

ओमप्रकाश चौधरी, सेढवा, १७ कात्तिक/

पर्सा राष्ट्रिय निकुञ्ज तथा डिभिजन



तस्वीर: प्रतीक

वन कार्यालयको जङ्गलमा जङ्गली जनावरको सङ्ख्या बढेपछि वनविनाशको गतिविधिमा कमी आएको छ ।

गाई, भैंसी, बाख्रा चराउन जङ्गलमा लैजाँदा बाघले एक सातामा चारवटा भैंसीमाथि आक्रमण गरी घाइते बनाएपछि जङ्गलमा गोठालो लैजाने कार्य बन्द प्रायः भएको छ । जीराभवानी गाउँपालिका अन्तर्गत शान्तिनगर, काठमाडौंटोल, वसन्तपुर, हरैया सखुवनिया, शङ्करसरैयालगायत गाउँबाट चरिचरणका लागि वस्तुभाउ जङ्गलमा लग्ने कार्य पूर्णरूपमा बन्द भएको छ । जसका कारण ससाना बोटबिरुवा तथा लाथ्राहरू मासिनबाट जोगिएका छन् । जङ्गलमा बोटबिरुवा तथा झ्याङ वृद्धि भएको छ भने जङ्गली जनावरको त्रासका कारण स्याउला काट्ने, दाउरा ल्याउने कार्यसमेत बन्द भएकाले जङ्गल फँडानी रोकिएको छ । राति हरियो रूख काट्ने र तस्करी हुने कार्य पनि बन्द भएको

(बाँकी पाँचौं पातामा)

## सिम्रौनगढ नपामा १७ दिनदेखि लगाइएको ताला खोल्न बैठक

रामेश्वर मेहता, सिम्रौनगढ, १७ कात्तिक/

सिम्रौनगढ नगरपालिका-७ मा बिहीवार सम्पन्न सर्वदलीय बैठकले १७ दिनदेखि सिम्रौनगढ नगरपालिकामा लगाइएको तालाबन्दी खोल्ने निष्कर्ष निकालेको छ ।

नगरप्रमुख किशोरीप्रसाद कलवारको अध्यक्षतामा बसेको सर्वदलीय प्रतिनिधिहरूको सहभागितामा जिल्ला प्रशासन कार्यालय, बारामा डेलिगेशन जाने र त्यहाँ छलफलको आधारमा तालाबन्दी खोल्ने निर्णय गरेको हो ।

छलफलमा एमालेका मधेस प्रदेश सदस्य ताराचन्द्र साह, महेन्द्र जयसवाल,


तस्वीर: प्रतीक

माओवादी केन्द्रका मदन ठाकुर, नेपाली काङ्ग्रेसका हरेन्द्रप्रसाद कुशवाहा, नेकपा एकीकृत समाजवादीका रमेश पञ्जाली, लोसपाका रामजनमप्रसाद कुशवाहा, जसपाका रामबहादुर पटेल, सामाजिक अभियन्ता सन्नी गुप्ता, परमानन्द साह, नागेन्द्र महतोलगायतले आआफ्नो विचार

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**असफलतापछि पनि नयाँ सपना देख्नु गतिशील जीवन हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# मुलुक पुनः अस्थिरतातर्फ


**नयाँ निर्वाचनपछि मुलुक पुनः अस्थिरतर्फ धकेलिने सङ्केत देखिएको छ । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मिति मङ्सिर ४ नजीकिँदै गर्दा उक्त सङ्केत झन् प्रस्टिँदै गएको छ । चुनावी अभियानमा होमिएका दलहरूको मुख्य दुई समूह छन् । नेपाली काङ्ग्रेस नेतृत्वको सत्तापक्षीय गठबन्धन र एमाले नेतृत्वको प्रतिपक्षी गठबन्धन । हुनत एमाले र जसपाले गठबन्धन नभनेर सहकार्य भनेका छन् । यो त केवल शब्दजाल मात्रै हो । यसरी मुख्यतः दुईवटा समूह चुनावी मैदानमा आउँदा कतिपय मतदाताले अब दुईवटा मात्रै शक्ति हुन्छन् भन्ने अनुमान पनि गरेका छन् । बेलायत, अमेरिकालगायत विकसित मुलुकहरूमा राजनीतिक शक्ति मुख्यतः दुई पक्षमा विभाजित छन् । यसले गर्दा त्यहाँ चुनावी खर्चमा मितव्ययिता, देशमा स्थिरता, शान्ति, समृद्धिको अनुभूति गर्न पाएका छन् । सत्ताका निम्ति धेरै खिंचातानी नहुने हो भने दल र तिनका नेता तथा विज्ञहरूको ध्यान खुरापाततर्फ नभई मुलुकको समृद्धितर्फ केन्द्रित हुन पाउँछ । धेरै किसिमका राजनीतिक शक्ति अस्तित्वमा रहँदा चुनावमा अत्यधिक खर्च, सत्तामा अस्थिरता, राजनीतिक फन्डाका लागि अनावश्यक विरोध, बन्द, हडताल, विध्वंसलगायतका कारण अशान्ति छाउने हो । विगतमा हाम्रो मुलुकले यी सबै कुरा भोगेकै हो । खसी, बोकाझैं सांसद किनबेचसम्मका घटनाहरू पनि भए ।**

**दलहरूका चर्तिकलाबाट वाक्कदिक्क भएका मुलुकवासी व्यवस्थाकै विरुद्ध जाला कि भन्ने आशङ्का बढिरहँदा यिनै राजनीतिक दलहरूले चुनावमा थ्रेस होल्ड र पार्टी विभाजनमा केही कडा प्रावधानहरू ल्याए र नागरिकलाई आश्वस्त पार्न खोजे । पछिल्लो चरणमा सत्ताका सञ्चालकहरूले त्यसलाई पनि धुजा–धुजा पार्ने काम गरे । चालीस प्रतिशत पुऱ्याएर दल विभाजन गर्न पाउनुपर्ने ओली सरकारको चाहनाभन्दा दुई कदम अगाडि बढेर देउवा सरकारले २० प्रतिशतमा झारिदियो । यसले पार्टीको सङ्ख्यामा वृद्धि तथा विभाजनलाई थप टेवा दियो । विचार, आस्था, सिद्धान्त एवं कार्यक्रमसमेत फरक नभएका दलहरू पनि केवल कुर्सीका लागि छुट्टाछुट्टै भए । अन्ततः चुनावमा आएर अधिकांश दल दुईवटा गठबन्धनमा लामबद्ध हुँदा केही सकारात्मक सोच्नुपर्ने अवस्था आएको थियो । तर गठबन्धन केवल नाटक मात्रै हो भन्ने कुरा दलहरूकै क्रियाकलापबाट उजागर हुँदैछ ।**

**राजनीतिक दलहरू साँच्चिकै गठबन्धनमा रहेको हो भने उनीहरूको साझा कार्यक्रम, संयुक्त चुनावी घोषणापत्र आउनुपर्थ्यो । यसो गर्दा प्रधानमन्त्रीको उम्मेदवारसमेत साझा हुनुपर्थ्यो । भोलि प्रधानमन्त्री पद अर्थात् सत्ताको नेतृत्वका लागि अस्थिरता ल्याउँदैनौं भन्ने सामूहिक प्रतिबद्धता आउने थियो । प्रतिपक्ष गठबन्धनका एमाले र जसपाको चुनावी घोषणापत्र छुट्टाछुट्टै छ । निश्चित भूभागको लागि हो भने चुनावी घोषणापत्र अलग भएपनि कम्तीमा मधेसको लागि दुवै दलको साझा प्रतिबद्धता तथा अवधारणा आउनुपर्ने हो । प्रधानमन्त्रीमा एमाले र मधेसको मुख्यमन्त्रीमा जसपा भन्ने कुरा कतै खुलेको छैन । त्यसैगरी, सत्तापक्षीय गठबन्धनमा त घोषणापत्र मात्रै अलग होइन कि नेका र माओवादी दुवैले प्रधानमन्त्रीको दाबी गरिसके । तेस्रो पार्टी नेकपा (एस)ले पनि सरकारको नेतृत्व गर्ने भन्दै मत मागिरहेको छ । अहिले यस्तो अवस्था छ भने चुनाव पछि कस्तो अवस्था ? गठबन्धनका कुन दल कता टाँसिने हुन् ठेगान छैन । सत्ताको निम्ति जे पनि गर्न सक्छन् । अन्ततः यो हर्कतले पुनः मुलुकमा अस्थिरता निम्तिनेछ ।**

# चुनाव मैदानबाट

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**यस चुनावमा यस प्रदेशका जनताले इमानदार एवं स्वच्छ छविका अनुहारलाई प्राथमिकता दिनुको विकल्प छैन । पुरानो रीतिथितिले जारी फोहरी चुनावी प्रतिस्पर्धाबाट सफल भएर आउनेहरू देशलाई श्रीलङ्का बनाउनेछन् ।**

नेपालको राजनीतिक इतिहासको यो अनौठो चुनावी गठबन्धन हो, जहाँ सिद्धान्त, विचारधारा, राजनीतिक दर्शन र दलको इतिहासलाई तिलाञ्जलि दिई चुनाव जित्ने एकमात्र ध्येयलाई प्रमुखता दिइएको छ । एकातिर चित्रबहादुर केसीको जनमोर्चादेखि लिएर राजेन्द्र महतोको लोकतान्त्रिक समाजवादी पार्टी पनि एउटै डचाङका मूला जस्तै ठडिएका छन् भने अर्कोतिर मलेठ घटनाको मुख्य दोषीको रूपमा आरोपित गरिएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई पवित्र श्रीखण्डको चन्दन ठानी आफ्नो निधारमा भष्म दल्ने काम कथित मधेसी मसिहा उपेन्द्र यादवले गरेका छन् । अब उपेन्द्र यादवको गठबन्धनका नेता ओली भएका छन् । यस निर्वाचनमा उपेन्द्र यादव र ओलीले मलेठ र वीरगंजको सभालाई संयुक्तरूपमा सम्बोधन गर्ने अवस्था आउन सक्छ र दुवै दलका कार्यकर्ताले खुशी–खुशी उफ्रेर ताली पनि बजाउनेछन् । मधेस आन्दोलनमा सक्रिय सहभागिता जनाएर आफ्नो ज्यानको उत्सर्ग गरेका र अङ्गभङ्ग भई जीवनयापन गर्नसमेत असमर्थ भएका मधेसका युवा र तिनका परिवारका सदस्यहरू आफूहरू ठगिएको महसूस गरिरहेका छन् । चुनावमा सफलता प्राप्त गरी कुर्सी हात पार्नु मात्रै राजनीतिको अभीष्ट हुनुहुँदैन । यस अर्थमा मधेस प्रदेशका उपरोक्त दुवै दलले चुकेकै मान्नुपर्दछ । नेपाली काङ्ग्रेस र नेकपा माओवादी केन्द्रको मिलन अब अस्वाभाविक रहेन किनभने न त माओवादी केन्द्रले अब क्रान्तिकारी धारको प्रतिनिधित्व गरिरहेको छ, न त नेपाली काङ्ग्रेसले नै विपीको सिद्धान्तलाई बोकिरहेको छ । यस चुनावमा प्रत्येक राजनीतिक दलले चुनावी सफलता हात पार्न गठबन्धन गरेको छ । चुनावपछि यो गठबन्धन पनि नरहन सक्छ । विगत पाँच वर्षमा देशका प्रमुख राजनीतिक दलहरूले यस्तो कुनै उल्लेख्य काम गरेका छैनन्, जसको चर्चा गर्न सकियोस् । संविधान संशोधन पनि भएन, मधेसीले अधिकार पनि पाएन । सुखी नेपाली समृद्ध नेपालको नारा पनि हावामैं गायब छ, तसर्थ यस चुनावमा हारजीतको कारण व्यक्तिगत क्षमतामैं निर्भर हुनेछ ।

जसपाकै नेतृत्वमा मधेस प्रदेशको सरकारले पाँच वर्षको कार्यकाल पूरा गरेको छ । सरकारले स्वयम् सार्वजनिक गरेका तथ्याङ्कहरूकै आधारमा यसको मूल्याङ्कन गर्ने हो भने पनि यसले आफ्नो औचित्य गुमाइसकेको मान्नुपर्छ ।

मधेस प्रदेशमा २७.७ प्रतिशत मानिस गरीबीको चपेटामा रहेका छन् । स्वतन्त्र अनुसन्धानकर्ताहरूका अनुसार यो ३५ प्रतिशतभन्दा पनि बढी रहेको छ । मधेस प्रदेश प्रत्येक क्षेत्रमा गरीबीको मापदण्डमा पूरै मुलुकमा उच्च रहेको तथ्याङ्क सार्वजनिक भएको छ । नेपालका ७७ जिल्लामध्ये मधेस प्रदेशका आठ जिल्लामा बहुआयामिक गरीबीको मापदण्डमा पूरै मुलुकमा उच्च रहेको तथ्याङ्क हालै सार्वजनिक भएको छ । यो प्रतिशत ३५ भन्दा बढी छ अर्थात् मधेस प्रदेशमा गरीबहरूको जनसङ्ख्या कुल देशको एक तिहाइभन्दा पनि बढी ३५ प्रतिशत रहेको छ । यस प्रदेशमा विद्यालय जाने उमेर समूहमध्ये ५० प्रतिशत बच्चा मात्र विद्यालयमा भर्ना हुने गरेका छन् । कुपोषणको शिकार जनसङ्ख्याको सन्दर्भमा कर्णाली प्रदेशपछि मधेस प्रदेश आउँछ । मधेस प्रदेशमा १५–४९ वर्ष उमेर समूहका महिलामध्ये ८५ प्रतिशत एनिमिया रोगबाट ग्रसित छन् भने ३६.८ प्रतिशत नवजात बच्चा कम तौलका जन्मिने गर्छन् ।

मुलुकका कुल ३५ हजार ५२० वटा विद्यालयमध्ये मधेस प्रदेशमा विद्यालयको सङ्ख्या चार हजार १३७ मात्र रहेको छ । यस प्रदेशबाट २४.२० प्रतिशत युवा श्रम बेच्न विदेशिएका छन् । यसले मधेस प्रदेशभित्रका जिल्लाहरूमा बेरोजगारीको गम्भीर अवस्था देखाउँछ । मधेस प्रदेशको आर्थिक विकास दर २.३ प्रतिशत मात्र छ । यो प्रदेश युवा साक्षरता दरमा मुलुकमा सबैभन्दा कम ६३ प्रतिशत रहेको छ । जबकि गण्डकी प्रदेशको ९५ प्रतिशत छ । मुलुकको कुल चार लाख एक हजार २३६ उद्योगको तुलनामा मधेस प्रदेशमा ५४ हजार ९१० मात्रै छ । यहाँको ५४ लाख जनसङ्ख्यामा जम्मा १३ वटा ठूला सरकारी अस्पताल छन् । कोभिड सङ्कटलाई नियन्त्रण गर्ने सवालमा मधेस प्रदेश पूर्णतः असफल साबित भयो । यस अर्थमा शिक्षा, स्वास्थ्य, रोजगार, उद्योगधन्दाको क्षेत्रमा मधेस प्रदेश सरकार पूर्णतः असफल साबित भएको छ ।

सङ्घीयता भनेको राज्यको शक्तिको अधिकारको विभाजन हो । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको अधिकारको न्यायोचित विभाजन भएन भने सङ्घीयता सफल हुनै सक्दैन । २०७४ सालको आमनिर्वाचनपछि अस्तित्वमा आएको मधेस प्रदेश सरकार पूर्णरूपेण मधेसी गठबन्धनको थियो तर विगत पाँच वर्षमा यस्तो स्वयम्लाई अधिकारसम्पन्न बनाउन पनि पहल गरेन । केवल सस्तो लोकप्रियता पाउन केही अनापसनाप निर्णय लिने काम मात्रै गरे । संवैधानिक समस्या उत्पन्न भएको भए सर्वोच्चको निष्पक्षतामाथि पनि प्रश्नचिह्न उठ्न सक्थ्यो तर होइन, प्रदेश सरकारले केवल भ्रष्टाचारजन्य कार्यलाई प्राथमिकता दिएर मधेस प्रदेशलाई एउटा उदाहरणीय तथा प्रशंसनीय बनाउन सक्थ्यो तर पूरै देशमा कहींकतै नभएको घटना मधेस प्रदेशमा भयो र मधेस प्रदेशका मुख्यमन्त्रीको कार्यालयमा अख्तियारले छापा मार्‍यो । कथितरूपमा मधेस प्रदेश सरकारले आफ्नो सफलताको प्रतीक मानेको 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान अन्तर्गत साइकल वितरण गरिंदा भएको भ्रष्टाचारका कारण प्रदेश नै कलङ्कित भयो । पोखरी सौन्दर्यीकरण कार्यक्रम अन्तर्गत एक व्यक्तिको खाजा र खाना खर्च डेढ हजार रुपैयाँ देखाइएको छ । अहिलेको सरकार चुनावपछि अस्तित्वमा नरहने निश्चित जस्तै छ । यस्तोमा भोलिका दिनमा प्रदेश सरकारका अहिलेका अनेकौं मन्त्री र मुख्यमन्त्रीसमेत पनि भ्रष्टाचारको आरोपमा भित्र जाने अवस्था आउन सक्छ । यस चुनावमा यस प्रदेशका जनताले इमानदार एवं स्वच्छ छविका अनुहारलाई प्राथमिकता दिनुको विकल्प छैन । पुरानो रीतिथितिले जारी फोहरी चुनावी प्रतिस्पर्धाबाट सफल भएर आउनेहरू देशलाई श्रीलङ्का बनाउनेछन् । सङ्घको राजनीति पनि कम विवादास्पद छैन । चुनावअघि चर्चामा ल्याइएका भ्रष्टाचारका अनगिनत घटनाहरू ओझेलमा परेका छन् । दुवै गठबन्धनका नेताहरू भ्रष्टाचारको बारेमा बोल्नसमेत डराइरहेका छन् । जनताको बारेमा चिन्ता गर्ने फुर्सत यिनलाई छैन । जनताको विरोधमा त गठबन्धन गरिएका छन् । मतदाताहरू पनि चनाखो हुन आवश्यक छ । लोभ र लाभको आधारमा मतदान गर्ने भएपछि जीवनस्तरमा परिवर्तन आउने अपेक्षा गर्न सकिंदैन ।

# आयोगद्वारा निर्वाचन खर्चको अनुगमन शुरू

काठमाडौं, १७ कात्तिक/रासस

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको प्रचारप्रसारका क्रममा जुलुस, आमसभा र कोणसभा गर्न पाउने चरण बिहीवारदेखि शुरू भएसँगै निर्वाचन आयोगले दल र उम्मेदवारको खर्चको अनुगमन प्रारम्भ गरेको छ । आचारसंहिता बमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए । सोका अतिरिक्त आयोगबाट केन्द्रस्तरको अनुगमन टोली खटिनेछन् ।

आयोगले उम्मेदवार तथा राजनीतिक दलले निर्वाचन आचारसंहिता, २०७९ को पालनासहित तोकेको (हद) सीमाभित्र रही खर्च गरे/नगरेको निगरानी गरी आचारसंहिताको दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई जिम्मेवारी दिएको छ । आचारसंहिता नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले आयोगको सहमतिमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी साधनको प्रयोग भए/नभएको विषयमा आवश्यक निगरानीको व्यवस्था गरिएको छ ।

आयोगले निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या र भूगोलका आधारमा प्रतिनिधिसभाको प्रत्यक्षका लागि रु २५ लाखदेखि ३३ लाखसम्म र प्रदेशसभाको प्रत्यक्षतर्फ रु १५ लाखदेखि २३ लाखसम्म खर्च गर्न पाउने गरी हद निर्धारण गरेको छ । यस्तै, समानुपातिक प्रणालीतर्फ प्रतिनिधिसभाका लागि सम्बन्धित दलले पेश गरेको बन्दसूचीमा सूचीकृत उम्मेदवारको सङ्ख्या अनुसार प्रतिउम्मेदवार रु दुई लाख र प्रदेशसभातर्फ रु एक लाख पचास हजार निर्धारण गरिएको छ ।

दल र उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम तथा निर्वाचन आचारसंहिता, २०७९ र सम्बन्धित निर्देशिका बमोजिम तोकिएको हद अन्तर्गत मतदाता नामावली खरीद, सवारीसाधन, प्रचारप्रसार सामग्री, गोष्ठी अन्तर्क्रिया, अन्य प्रचारप्रसार, छापा एवं विद्युतीय माध्यम (सामाजिक सञ्जालसमेत), कार्यालय सञ्चालन र

(बाँकी पाँचौं पातामा)

## आयोगलाई भारतद्वारा सवारीसाधन हस्तान्तरण

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोग, नेपाललाई भारत सरकारले ८० स्करपियो गाडी प्रदान गरेको छ । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले बिहीवार आयोगमा




आयोजित कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई सवारीसाधनको साङ्केतिक साँचो हस्तान्तरण गरे ।

सो अवसरमा प्रमुख निर्वाचन आयुक्त थपलियाले सहयोगका लागि भारत सरकार तथा नेपालका लागि भारतीय राजदूत श्रीवास्तवलाई धन्यवाद ज्ञापन गरे । नेपाल र भारतबीच लामो समयदेखि रहेको मित्रताबारे उल्लेख गर्दै उनले दुई देशबीचको सम्बन्ध आपसी सद्भाव, द्विपक्षीय सहयोग र सहकार्यमा आधारित भएको बताए । आवधिक निर्वाचन लोकतान्त्रिक प्रणालीलाई जीवित राख्न अपरिहार्य भएको उल्लेख गर्दै उनले भारत सरकारले विभिन्न समयमा दिएको सवारीसाधन, निर्वाचन सामग्री तथा अन्य आवश्यक सहयोगका लागि धन्यवाद ज्ञापन गरे ।

राजदूत श्रीवास्तवले नेपाल सरकार र नेपालको निर्वाचन आयोगको आग्रहमा भारत सरकारले उक्त सहयोग प्रदान गरेको बताए । छिमेकी देशको नाताले निर्वाचन प्रक्रियामा सहयोग गर्न पाउनु आफ्नो लागि खुसीको कुरा भएको उल्लेख गर्दै उनले भारत सरकारले दिएको सहयोगले निर्वाचन आयोगलाई निर्वाचन सम्पन्न गर्न थप सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## बेरोजगारी : समस्या एवं समाधान

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**विदेशमा र खासगरी धनी देशहरूमा, युवाहरूको प्रथम रोजाइ स्वयंले व्यापार सृजना गर्नु हो । सरकारी जागीर सबैभन्दा कम प्राथमिकतामा पर्छ किनभने सरकारले दिने तलब वा ज्याला कम हुन्छ, त्यो भन्दा बढी आफूले गर्ने व्यापारबाट प्राप्त हुन्छ ।**

नेपालमा बेरोजगारी कुन स्तरमा बढेको छ भन्ने कुरा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेश जाने नेपाली युवाको भीड हेर्दा ज्ञात हुन्छ। दिनहुँ हजारौंका सङ्ख्यामा युवा रोजगारका लागि खाडी मुलुकतिर गइरहेका छन् । बाहिरबाट हेर्दा विदेशिने युवा प्रसन्न देखिए पनि मनभित्र भने उनीहरूको आगो बलिरहेको हुन्छ । परिवार छोड्नुको पीडाले पोलिरहेको हुन्छ । परिवार, समाज र देश छोडेर परदेश जान कसलाई मन लाग्छ ? कसैलाई पनि मन लाग्दैन। तर देशभित्र रोजगारको अभाव र रोजगारका लागि विदेश जान प्रेरित गर्ने सामाजिक मनोविज्ञानले गर्दा युवा परदेश जान बाध्य छ। कलिलो उमेरमा आफ्नै माटो र हावापानीमा रमाउन पाउनुपर्ने समयमा युवाहरू परदेशिनुपर्ने बाध्यता छ । अरबको तातो हावा खान विवश हुनुपरेको छ ।

यसैगरी विदेशमा कस्तो काम पाउने हो। कस्तो किसिमको वातावरणमा काम गर्नुपर्ने हो। काम गर्दा स्वास्थ्यमा कस्तो असर पर्ने हो । गर्नुपर्ने काम गर्न सक्ने क्षमता आफूसँग छ कि छैन । यस्ता प्रश्नहरूले पनि विदेश जाने युवाहरूलाई सताउने गर्छ। विदेशी भूमिमा काम गर्दा नैराश्य बढेर धेरै युवाले आत्महत्यासमेत गरेका छन्। यसैगरी जोखिमपूर्ण काम गर्दा दुर्घटनामा परेर पनि धेरै युवाको ज्यान गएको छ ।

यो त भयो नेपालबाट रोजगारको लागि विदेशतिर जाने अदक्ष श्रमिकहरूको कथा । मलेशिया, दक्षिण कोरिया एवं खाडी मुलुकहरूमा जाने अदक्ष वा अर्धदक्ष श्रमिक एवं कामदारहरूको व्यथा।

रोजगारका लागि बेलायत, क्यानाडा, अमेरिका, अस्ट्रेलिया आदि देश जाने युवाहरूको कथा पनि कम दुःखान्त छैन। ती देशहरूमा जाने नेपाली युवाहरू अध्ययनको लागि त्यता गएको भनिए पनि यथार्थमा उनीहरू पनि रोजगारकै लागि परदेशिएका हुन्। आफ्नो शिक्षा वा दक्षता अनुसारको स्वदेशमा जागीर नपाएर उनीहरू विदेश गएका हुन् । आफ्नो शिक्षा, सीप वा दक्षता अनुरूप उनीहरूले नेपालमैं जागीर पाउने हो भने हजारौंको सङ्ख्यामा युवाहरू विदेश नगई नेपालमैं बस्नेछन्।

धनी देशमा पढ्नका लागि जाने तर उतै बस्ने नेपाली युवाहरूको कथा झनै मार्मिक छ । आमाबाबुका साथ बस्ने उमेरका कलिला युवाहरू परिवार छाडेर विदेशतिर जाँदा उनीहरूको मनमा ठूलो निराशा हुन्छ, पीडा हुन्छ। तर विदेशमा राम्रो जागीर पाइन्छ भन्ने आशाले उनीहरूको त्यो निराशा र पीडालाई छोपिदिएको हुन्छ । माथिल्लो उमेरका नेपाल छाडेर विदेश जागीरका लागि जानेहरूको पनि उस्तै पीडा छ। आफ्नो परिवार र खासगरी वृद्ध मातापितालाई नेपालमैं छाडेर विदेश जानु पर्दाको पीडा उनीहरूको साथै विदेश जान्छ र त्यो पीडाले उनीहरूलाई परदेशमा पछ्याइ रहन्छ, सताइरहन्छ । कतिपयले त नेपालमा मृत्यु भएका आफ्ना मातापिताको अन्त्येष्टि पनि देख्न पाउँदैनन् र परदेशमैं काजक्रिया गर्छन् । यस्तो स्थिति उनीहरूको लागि कति पीडादायक हुँदो हो ?

उच्च शिक्षा पाएका, सीप भएका वा दक्ष युवाहरू रोजगारका लागि विदेश जाँदा उनीहरूले भोग्नुपर्ने एउटा अर्को ठूलो समस्या छ । त्यो हो उनीहरूका सन्तान जो विदेशमैं जन्मेहुर्के, उनीहरूले नेपाली भाषा र संस्कृति जानेका हुँदैनन् र नेपाल जान र सदाका लागि नेपाल बस्न पटक्कै मान्दैनन्। अर्थात् विदेशमा जन्मेका नयाँ पुस्ताका युवाहरू जुन देशमा छन् त्यसै देशका नागरिक हुन पुग्छन्। परिवारभित्र पनि त्यसै देशको भाषा बोल्छन् । त्यहींको संस्कृति, खानपिन, परम्परा मान्छन् । सङ्क्षेपमा भन्ने हो भने नेपालबाट रोजगारका लागि विदेश गएका दक्ष नेपाली कामदारहरू परिवारसहित सदाका लागि उतै बस्छन्। विदेशमैं हराउँछन्। नेपालीबाट अनेपाली हुन पुग्छन्। बरु खाडीतिर गएका युवाहरू नेपाल फर्कन्छन् र आफूले सिकेको सीप, ज्ञान, दक्षता नेपालमा प्रयोग गर्छन् ।

माथि केवल वैदेशिक रोजगारका समस्याहरूको मात्र चर्चा गरियो । तर समस्याका साथ समाधानको पनि कुरा गर्नुपर्छ ।

नेपालमा रोजगार सृजना एवं विस्तार गर्नका लागि निम्न कार्यहरू गर्न आश्वयक छ ।

स्कूल एवं कलेजको पाठ्यक्रममा र मुख्यगरी आठ कक्षादेखि ब्याचलरसम्मको पाठ्यक्रममा व्यापार शिक्षा समावेश गर्नुपर्छ। व्यापार, विज्ञान, मानविकी, वन, कृषि जुन विषय अध्ययन गरे तापनि सबै विद्यार्थीले व्यापारसँग सम्बन्धित एउटा विषय पढ्न अनिवार्य गर्नुपर्छ। व्यापारसँग सम्बन्धित विषयमा नयाँ व्यापारको सृजना कसरी गर्ने, नयाँ वस्तुको लगि बजारको सृजना कसरी गर्ने, आफ्नो वस्तु एवं सेवालाई कसरी प्रतिस्पर्धी तुल्याउने, तीव्र प्रतिस्पर्धमा कसरी सफलता हासिल गर्नेजस्ता कुरा समाविष्ट गर्नुपर्छ । विद्यार्थीहरूलाई र मुख्यगरी व्यापार विषय अध्ययन गर्ने विद्यार्थीलाई स्वयंले व्यापार गर्न उत्प्रेरित गर्ने किसिमको पाठ्यक्रम तयार पार्नुपर्छ र उनीहरूलाई व्यापार गर्न प्रोत्साहित गर्नुपर्छ । रोजगार सृजना व्यापारको स्थापनाले गर्दा हुने हो ।

नगर, प्रदेश र केन्द्र, हरेक स्तरमा, सरकारले व्यापार गर्ने व्यक्तिहरूलाई प्रोत्साहित गर्नुपर्छ। व्यापार आरम्भ गर्न खोज्ने व्यक्तिहरूलाई सरकारले आर्थिक एवं भौतिक सहयोग गर्नुपर्छ । व्यापार गर्न खोज्ने व्यक्तिहरूलाई आवश्यक पर्ने बजार-सूचना र अन्य जानकारी सरकारले उपलब्ध गराउनुपर्छ । पूर्ण सहयोग गर्नुपर्छ ।

अहिलेको यो वैश्य युगमा प्रत्येक व्यक्ति अनिवार्यरूपमा व्यापारमा संलग्न हुनुपर्ने स्थिति छ। प्रत्येक व्यक्तिले बाँच्नका लागि आफूसँग भएको श्रम, सीप, ज्ञान बिक्री गर्नुपर्ने अनिवार्यता छ । पहिलेको कृषि युगमा जस्तो परिवारहरूले आफूलाई आवश्यक पर्ने विभिन्न कुरा उत्पादन गर्ने स्थिति अहिले छैन। अहिले बहुसङ्ख्यक व्यक्ति केवल श्रम, सीप, ज्ञान उत्पादन गर्छन् र त्यही बिक्री गरेर जीवनयापन गर्छन्। यस कारणले गर्दा आफूसँग रहेको श्रम, सीप, ज्ञान बिक्री गर्न प्रत्येक व्यक्ति व्यापरमा संलग्न हुन आवश्यक छ ।

डाक्टर होस् वा इन्जिनीयर, वकिल वा शिक्षक सबैले आफ्नो सीप, ज्ञान, श्रम बिक्री गर्नुपर्ने हुन्छ । यो कारणले गर्दा यो वैश्य युगमा सबैले व्यापार विषय अध्ययन गर्न आवश्यक छ। यस्तो गर्न सके सबैले आआफ्नो क्षेत्रमा नयाँनयाँ व्यापार सृजना गर्न सक्छन्। रोजगार विस्तार गर्न सक्छन्।

हाम्रो शिक्षा पद्धतिमा व्यापक सुधार गर्नु पनि उत्तिकै आवश्यक छ । हाम्रो शिक्षा ज्ञानमुखी छ। तर ज्ञानमुखी भएर मात्र हुँदैन । हामीले हाम्रो शिक्षालाई सीपमुखी पार्न पनि आवश्यक छ। कुनै पनि शैक्षिक क्षेत्रमा, कुनै निश्चित तहको शिक्षा प्राप्त गरेपछि, शिक्षा प्राप्त गर्ने व्यक्तिमा एउटा खास सीप हुनु आवश्यक छ। त्यो सीप प्रयोग गरेर जीविकोपार्जन गर्न सक्ने स्थिति हुन आवश्यक छ ।

यसैगरी हामीले हाम्रो सामाजिक मनोविज्ञान पनि परिवर्तन गर्न आवश्यक छ । हाम्रो बेरोजगारी हाम्रो सामाजिक मनोविज्ञानसँग पनि सम्बन्धित छ। हामी व्यापार-पेशालाई महत्त्व दिंदैनौं । नयाँ नयाँ व्यापार सृजना गर्दैनौं । कसैको अधीनमा रहेर, कसैको कामदार भएर काम गर्न रुचाउँछौं, तर आफैंले कुनै व्यापार सृजना गर्दैनौं ।

सरकारी जागीरमा इज्जत हुन्छ भन्ने हाम्रो मान्यता पनि नेपालमा रोजगार सृजनाको बाधक हो । हामी सरकारी जागीरलाई जति महत्त्व दिन्छौं त्यति नै आफूले गर्ने व्यापारलाई दिंदैनौं। सरकारी जागीर गरेमा हाकिम हुन पाइन्छ भन्ने मनोविज्ञानले हामीलाई उद्यमी हुन दिइरहेको छैन । विदेशमा र खासगरी धनी देशहरूमा, युवाहरूको प्रथम रोजाइ स्वयंले व्यापार सृजना गर्नु हो। सरकारी जागीर सबैभन्दा कम प्राथमिकतामा पर्छ किनभने सरकारले दिने तलब वा ज्याला कम हुन्छ, त्योभन्दा बढी आफूले गर्ने व्यापारबाट प्राप्त हुन्छ। दक्षिण एशियाका देशहरूमा मात्र सरकारी जागीर अति लोकप्रिय छ ।

माथि भनिएको कुरा सरसर्ती हेर्दा सामान्य देखिन्छ। तर सामान्य होइन। सरकारी वा गैरसरकारी जागीर प्राथमिकता नपर्ने अवस्था सिर्जना गरी रोजगार वृद्धिका लागि यी कुरामा गम्भीरतापूर्वक ध्यान दिन आवश्यक छ।

## राजनीतिक दलका एजेन्डा बन्यो ग्रीन हाइड्रोजन

काठमाडौं, १७ कात्तिक/रासस

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का अध्यक्ष शेष घलेको पहलमा गत महीना ऊर्जाको वैकल्पिक स्रोतको खोजी गर्ने ध्येयका साथ ग्रीन हाइड्रोजन समिटको आयोजना गरियो।

खासगरी रसिया र युक्रेनबीचको विवादका कारण विश्व बजारमा इन्धनको मूल्य अकासिएको छ। त्यसको प्रभाव संसारभर नै परेको छ । नेपाल पनि त्यसबाट अछूतो रहेको छैन । विश्वभर नै ऊर्जाका विभिन्न स्रोतहरूको खोजी भइरहेको छ। सोही क्रममा ग्रीन हाइड्रोजनका बारेमा चासो र चर्चा शुरू भएको छ । केही देशले त उत्पादन नै शुरू गरिसकेका छन् ।

विशेषगरी नेपाल विद्युत् प्राधिकरण, नेपाल आयल निगम र काठमाडौं विश्वविद्यालयको सहकार्यमा ग्रीन हाइड्रोजनका बारेमा राम्रै तयारी पनि शुरू भएको छ । सो विश्वविद्यालयले प्रयोगशाला नै स्थापना गरेर ग्रीन हाइड्रोजनका बारेमा काम शुरू गरिसकेको छ । जलवायु परिवर्तनको खास कारक बन्दै गएको जीवाष्म इन्धनको विकल्प खोज्ने क्रममा उपयुक्त विकल्पका रूपमा ग्रीन हाइड्रोजनको अवधारणामा काम शुरू भएको हो ।

विश्वका ठूला भनिएका देश अमेरिका, बेलायत, चीन र भारतमा पनि यसका बारेमा धेरै काम भइसकेको छ । सरकारले पनि ग्रीन हाइड्रोजनमा चासो व्यक्त गर्दै आवश्यक तयारी थालिसकेको छ। ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले यसबारेमा अवधारणा नै तयार पारेको छ।

अर्थमन्त्री जनार्दन शर्माका अनुसार ग्रीन हाइड्रोजनका सम्बन्धमा नीतिगत व्यवस्था गरेर हाइड्रोजन उत्पादनका लागि अब बहस मात्रै नभई लगानी र प्रविधि भित्र्याउने बेला भएको छ । नेपालमा उत्पादन हुने हाइड्रोजन र एमोनिया विश्व बजारमैं प्रतिस्पर्धी बन्ने देखिएको छ। उनले अब बिजुली बेच्ने नसोचीकनै हाइड्रोजन र एमोनिया निर्यात गर्ने सोचका साथ सरकारले केही प्रारम्भिक काम अगाडि बढाएको बताएका छन् ।

यसै सन्दर्भमा राजनीतिक दलले पनि आफ्ना घोषणापत्रमा ग्रीन हाइड्रोजनका विषयलाई मुखररूपमा उठाएका छन् । ऊर्जाको विकल्पका रूपमा संसारभर नै अगाडि बढेको यस विषयलाई ऊर्जा मन्त्रालयले अगाडि बढाएको छ ।

वाम लोकतान्त्रिक गठबन्धनमा आबद्ध नेकपा (माओवादी केन्द्र)ले आफ्नो घोषणापत्रमा आगामी पाँच वर्षभित्र हाइड्रोजन प्लान्ट स्थापना गर्ने विषयलाई महत्त्वका साथ स्थान दिएको छ ।

विश्वमा बढ्दो ऊर्जा सङ्कटलाई मध्यनजर गर्दै आवश्यक नीति र संस्थागत संरचना विकास गर्ने सो पार्टीले घोषणापत्रमा समावेश गरेको छ । नेपालमा हाल दुई हजार ३०० मेगावाट बराबरको बिजुली उत्पादन भइरहेको छ । आगामी दुई वर्षभित्र प्रणालीमा थप तीन हजार ५०० मेगावाट बराबरको बिजुली उत्पादन हुनेछ। बिजुलीको प्रयोग गरी ग्रीन हाइड्रोजन उत्पादन गर्ने विषयलाई माओवादीले आफ्नो घोषणापत्रमार्फत बहसमा ल्याएको छ।

माओवादी केन्द्रका सचिव गणेश साहका अनुसार विज्ञान प्रविधिको बदलिंदो विश्व परिवेश अनुसार विज्ञान प्रविधिमा लगानी वृद्धि र उपयोगमा जोड दिने नीति घोषणापत्रमा राखिएको छ। सोही मान्यता अनुसार नै सो पार्टीले ग्रीन हाइड्रोजनका विषयलाई आफ्नो घोषणापत्रमा समावेश गरेको जनाएको छ। संसारका दुई अर्ब मानिसका स्रोतको रूपमा रहेको हिमाल पग्लन थालेको, हिमनदीमा त्यस्तै समस्या देखिएको छ।

व्यवसायी घलेको समूहले ऊर्जाको वैकल्पिक स्रोतमा लगानी गर्ने सोचको विकास गरेको छ । नेपाल ग्रीन हाइड्रोजनको हब बन्न सक्छ भन्ने उनको भनाइ छ।

नेपालमा क्रमशः ऊर्जाको उपलब्धतामा वृद्धि हुँदै गएको छ । वर्षायाममा भारतलाई ३६४ मेगावाट बिजुली बिक्री गरिएपछि पछिल्ला दिनमा चाडबाडको समयमा झन्डै ५०० मेगावाट बराबरको बिजुली खेर गएको छ।

बिजुलीको प्रयोग गरेर नेपालमा उपलब्ध हुने स्वच्छ पानीबाट ग्रीन हाइड्रोजन उत्पादन गर्ने र त्यसलाई वैकल्पिक ऊर्जाका रूपमा विश्व बजारमा बिक्री गर्ने योजनाका साथ आफूहरू यसमा लागिपरेको व्यवसायी घलेले बताए । उनले १०० मिलियन अमेरिकी डलर लगानी गरेर ५० मेगावाट क्षमताको ग्रीन हाइड्रोजन उत्पादन गर्ने बताएका थिए।

नेपालका हिमशृङ्खला विश्वव्यापी जलवायु परिवर्तनको उच्च जोखिममा छन् । त्यहाँका हिमाल र हिमतालको हिउँ नै कोशी, गण्डकी, कर्णालीलगायत अन्य नदीका मुहान हुन्। यी नदी नै गङ्गा नदीको तटमा बसोबास गरिरहेका ५० करोडभन्दा बढी मानिसले पिउने पानीको स्रोत बनिरहेको तर जलवायु परिवर्तनको असर स्वरूप निम्तिएको तापक्रम वृद्धिलगायत अन्य लक्षणका पहिलो प्रहार तिनै हिमालको हिउँ र हिमतालमाथि भइरहेको छ।

गत वर्ष कोप-२६ मा सहभागी भएको नेपालले सन् २०४५ सम्ममा कार्बन तटस्थ बन्ने प्रतिबद्धता जनाएको छ । जलवायु परिवर्तनका कारण बढ्दो जोखिम, विश्वव्यापीरूपमा कार्बन उत्सर्जन कम गर्नुपर्ने आवश्यकता जस्ता विविध समस्यामाथि नेपालले नेतृत्व गरेर समाधान दिन सक्ने अवसर पनि हाइड्रोजनबाट नै देखिन्छ।

कार्बन डाइअक्साइड तथा कार्बन मोनो अक्साइडजस्ता विषालु ग्याँसको उत्सर्जन घटाउन पनि स्वच्छ ऊर्जाको प्रयोग बढाउनुपर्ने आवश्यकता छ । नेपालले सक्रियरूपमा पर्यावरणीय समस्याको दीर्घकालीन समाधानका लागि नवीनतम उपाय पत्ता लगाउनु जरुरी भइसकेको छ।

हाइड्रोजनबाट एमोनिया हुँदै रासायनिक मल कारखाना खोल्नेगरी 'पाइलट प्रोजेक्ट' निर्माण गर्ने निष्कर्षमा सरकारसमेत पुगेको छ। वातावरणको संरक्षण र प्रवर्द्धनका दृष्टिले हाइड्रोजनको खपत यातायात र औद्योगिक क्षेत्रमा गराउन सक्दा जीवाष्म इन्धनको निर्भरतालाई कम गर्न सकिन्छ । अध्ययनले ठूला पानीजहाज, लरी ट्रक हाइड्रोजनमार्फत सञ्चालन गर्दा आर्थिक र वातावरणीय हिसाबले अत्यन्तै लाभदायी हुने निष्कर्ष निस्किसकेको छ।

विद्युत्को प्रयोग गरी पानीको विद्युतीय विच्छेदन (इलेक्ट्रोलाइसिस)बाट उत्पादित हरित हाइड्रोजनलाई 'केमिकल फिडस्टक'को रूपमा रासायनिक मल उद्योग, स्टील उद्योग, यातायातमा प्रयोग गर्न सकिन्छ।

नेपाल जलसम्पदाले भरिपूर्ण भएका कारण पनि जलविद्युत् उत्पादनको सम्भावना उच्च छ। जलविद्युत् उत्पादन बढ्दै गर्दा अरू देशको तुलनामा हरित हाइड्रोजन उत्पादन गर्दा उत्पादन लागत कम हुनेछ। काठमाडौं विश्वविद्यालयको हाइड्रोजन ल्याबले गरेको अध्ययन अनुसार नेपालमा बढी भएको विद्युत् हरित हाइड्रोजन उत्पादनमा प्रयोग गर्ने हो भने उत्पादन खर्च दुई अमेरिकी डलरभन्दा कम पर्ने देखिन्छ। हाइड्रोजन अर्थतन्त्रको उदय हुँदै गर्दा नेपाल त्यसको हब बन्न सक्ने भएकाले विदेशी लगानीकर्ताको चासोसमेत बढेको छ।

## नारायणगढ-मुग्लिन सडकखण्ड : क्षतिपूर्ति नदिंदा पुल निर्माणमा ढिलाइ

भरतपुर, १७ कात्तिक/रासस

घरटहराको क्षतिपूर्ति नदिंदा नारायणगढ-मुग्लिन सडकखण्डका पुल निर्माणमा ढिलाइ भएको छ । सडकखण्डमा निर्माणाधीन १५ पुलमध्ये नौवटा पुल छेउमा रहेका घरटहराको क्षतिपूर्ति नदिंदा निर्माणमा ढिलाइ भएको हो ।

पुल छेउका घरटहरा भत्काउन नपाउँदा निर्माण कम्पनीले काम गर्न पाएका छैनन् । नारायणगढ-मुग्लिन सडक आयोजनाका प्रमुख किरण कार्कीका अनुसार पुलसँग जोडिएका २६ घरटहराको क्षतिपूर्ति सरकारले उपलब्ध गराउनुपर्नेछ। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको मुआवजा निर्धारण समितिले नापजाँच र मूल्याङ्कनको काम गरेर सिफारिश गरिसकेको कार्कीले बताए ।

"सडकखण्डमा पर्ने पुल आसपासका घरको रु ५० हजारदेखि रु सात लाखसम्म क्षतिपूर्ति दिनुपर्नेछ," उनले भने," रु एक करोड २५ लाख माग गरेका छौं ।" उनले गत वर्ष क्षतिपूर्तिको रकम विनियोजन नहुँदा समयमैं पुल निर्माण सम्पन्न गर्न नसकिएको बताए ।



तस्वीरः सौजन्य

"यस वर्ष जसरी पनि क्षतिपूर्तिको रकम व्यवस्थापन गर्नुपर्नेछ, त्यसका लागि विभाग र मन्त्रालय धाइरहेका छौं," कार्कीले भने। तिहारअघि भौतिक तथा पूर्वाधार मन्त्रालयका सचिव र सडक विभागका महानिर्देशकले समेत स्थलगत निरीक्षण गरेको भन्दै यस वर्ष क्षतिपूर्तिको रकम विनियोजन हुनेमा आशावादी रहेको उनले बताए ।

"कतिपय स्थानको छेउछाउमा घरटहरा भएपनि बीचमा काम गरिरहेका छौं," कार्कीले भने," स्थानीयसँग आपसी सहमति गरेर भएपनि काम गरेका छौं।" स्थानीयले क्षतिपूर्तिका लागि दैनिक अनुरोध गर्ने गरेको उनले बताए ।

मुग्लिनबाट नारायणगढतर्फ जाने पहिलो पुलमा जग खन्ने बित्तिकै घरटहरा भत्किने भएका कारण क्षतिपूर्ति नदिंदासम्म काम शुरू गर्न नसकिएको कार्कीले बताए । नाम्सी, रिद्धिखोला, खहरे, खोर, लामोबालुवा, भोर्ले र सिमलताल पुलका छेउमा रहेका घरटहरालाई क्षतिपूर्ति दिनुपर्ने प्रमुख कार्कीको भनाइ छ ।

विश्व बैंकको ऋण सहयोगमा निर्माणाधीन १५ पुलमध्ये चालू आर्थिक वर्षभित्र १२ वटाको निर्माण सकिने आयोजनाले जनाएको छ। निर्माण पूरा भएका पुलनजीकै सडकमा जोडिएका घरटहरालाई दिने क्षतिपूर्ति भने ऋण सहयोगमा परेको छैन । उक्त क्षतिपूर्ति सरकारले दिनुपर्नेछ। सरकारले त्यसका लागि बजेट निकासा गरेको छैन । आयोजनाका अनुसार यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी तिहारपछि पुल निर्माण धमाधम भइरहेका छन् ।

आयोजना प्रमुख कार्कीले १५ मध्ये १२ पुल यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न गरिसक्ने बताए । १९ पुलमध्ये चारवटा यसअघि नै निर्माणसम्पन्न भइसकेको उनले जानकारी दिए । पछिल्लोपटक १५ वटा पुल निर्माणका लागि दुईवटा प्याकेजमा ठेक्का आह्वान गरेर काम शुरू गरिएको हो । उनले पाँचवटा पुल निर्माणको काम अन्तिम चरणमा रहेको र घरटहराको क्षतिपूर्ति दिलाउन सके तीन महीनाभित्र सातवटा पुल निर्माण सम्पन्न हुने बताए ।

(बाँकी चौथो पातामा)

# रोजगार र यसको विकल्प

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो

shitalmahato@gmail.com

**विदेशी लगानी भित्र्याउन सहज लगानीमैत्री नीति अवलम्बन गर्नुपर्दछ। यसको आगमनले नेपाली बजार प्रतिस्पर्धात्मक हुनुका साथै रोजगारको अवसर बढ्छ। यी र यस्ता थुप्रै कुरामा ध्यान दिन सके नेपालले रेमिट्यान्समा बढी भर पर्ने बाध्यात्मक अवस्था अन्त्य हुनेछ।**

एउटा देशको नागरिक अर्को देशमा गई पारिश्रमिक लिएर केही समयका लागि काम गर्नुलाई वैदेशिक रोजगार भनिन्छ। यसले हाम्रो देशको अर्थतन्त्रमा ठूलो सहयोगीको भूमिका निर्वाह गर्दै आएको छ। वैदेशिक रोजगार हाम्रो अर्थतन्त्रको करीब एक चौथाई र जनसङ्ख्याको ५६ प्रतिशत अंश ओगट्ने क्षेत्र पनि हो। विगतमा मुलुकभित्र खोलिएका अधिकांश उद्योगधन्दा खुला बजार नीतिका कारण बन्द हुँदै गएपछि बेरोजगारी समस्या झन् गहिरिँदै गएको देखिन्छ। विगतमा मात्र होइन, मुलुकमा गणतन्त्र स्थापना भए यता वैदेशिक रोजगारको अवस्था हेर्ने हो भने यो अवधिमा रोजगारका लागि विदेशिने नेपालीको सङ्ख्या झन्डै पाँच गुणाले वृद्धि भएको तथ्याङ्क छ। त्यस्तै नेपाल भित्रिने रेमिट्यान्स पछिल्लो पाँच वर्षमा करीब तीन सय प्रतिशतले वृद्धि भएको छ। हुनत लाहुरेको देश भनेर चिनिने नेपालमा वैदेशिक रोजगारको लामो इतिहास छ र यसको प्रवृत्ति पनि परिवर्तन भइरहेको देखिन्छ। छैठौं शताब्दीदेखि नै नेपाली कलाकारहरूले चीन र भारतमा गई काम गरेको इतिहास छ। सबैले चाहेको सङ्घीय नेपाल भनेको नै क्षमता अनुसार काम र काम अनुसार दाम सहितको समृद्ध र सम्पन्न नेपाल हो।

तर स्वदेशमा रोजगार सङ्कुचित हुँदै जाँदा विदेशी मुलुक नेपाली युवाका लागि दरिलो गन्तव्य बनेको छ। सरकारी तथ्याङ्कलाई मात्र आधार मान्ने हो भने गत आर्थिक वर्षको अन्त्यसम्म विभिन्न मुलुकमा झन्डै २२ लाख नेपाली वैध रूपमा रोजगारका लागि पुगेका छन्। अहिले दैनिक सरदर १५०० नेपाली युवा रोजगारका लागि विभिन्न मुलुकमा जाने गरेका र तीमध्ये १५ प्रतिशत महिला रहेको वैदेशिक रोजगार विभागको तथ्याङ्क छ। यसरी विदेशी भूमिमा श्रम, पसिना र बुद्धि उपयोग गर्दै उनीहरूले आफ्नो र भावी सन्ततिको भविष्य कोरिरहेका छन्। घर-परिवारबाट टाढा रहेर आर्थिकरूपमा सक्षम बनेका उनीहरू पुस्तैनी विकास क्रमलाई द्रूत गतिमा अघि बढाइरहेका छन्। तराई होस् वा मधेस वा पहाड, जुनसुकै ठाउँ भए पनि त्यहाँका गाउँटोल यसका प्रत्यक्ष उदाहरण बनेका छन्। मलेशिया, खाडी वा जुनसुकै मुलुक पुगे पनि उनीहरूले त्यहाँको कमाइबाट आफ्ना बालबालिकालाई विद्यालय पठाएका छन्। पारिवारिक स्वास्थ्यका लागि रकम जोहो गर्न सफल भएका छन्। सरकारी विद्यालयमा पढ्नेहरूका लागि अहिले बोर्डिङ स्कूलका ढोका खुलेका छन्। यो विकासले निरन्तरता पाएमा खाडी मुलुक पुगेका बाबुका बालबच्चा अब उच्च शिक्षाका लागि अमेरिका र युरोपजस्ता विकसित मुलुक पनि पुग्ने नै छन्।

पछिल्लो राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनले २१ लाखभन्दा बढी भने तापनि अहिले संसारभर काम गर्ने करीब ४० लाख नेपालीले प्रतिवर्ष मुलुकको गार्हस्थ्य उत्पादनको करीब २५ प्रतिशत बराबरको रकम विप्रेषणका रूपमा मुलुक पठाउँछन्। गत आर्थिक वर्षमा मात्र विप्रेषण आप्रवाह १० खर्ब ७ अर्ब ३१ करोड रुपियाँ थियो। विगत दुई दशकदेखि नेपाली अर्थतन्त्र र समग्र विकास प्रक्रिया नै वैदेशिक रोजगार र विप्रेषणमा निर्भर रहँदै आएको छ। एक अध्ययनका अनुसार ५६ प्रतिशत घरपरिवारले यस्तो रकम पाउने गरेको र विप्रेषणले देशको वित्तीय सन्तुलन कायम गर्न योगदान पुऱ्याएको देखाउँछ। यसका साथै वैदेशिक रोजगारले सीप, प्रविधि, उद्यम र काम गर्ने संस्कार पनि ल्याएको छ। अर्थतन्त्रलाई चलायमान बनाएको छ। गरीबी घटाउनेलगायत थुप्रै दिगो विकासका लक्ष्यहरू प्राप्तिमा पनि ठूलो योगदान गरेको छ। कृषिमा आधारित अर्थतन्त्रलाई सेवा क्षेत्रतर्फ धकेलेको छ। बढ्दै गएको जनसङ्ख्या, मानवीय आकाङ्क्षा र आन्तरिक रोजगार सिर्जना गर्न नसक्दा देशभित्र बेरोजगार बढ्ने देखिएपछि सरकारले विगत ३०-३५ वर्षदेखि राहदानी दिएर नेपाली युवालाई विदेशमा काम गर्ने अवसर दिएको छ। विसं २०४२ देखि औपचारिकरूपमा नेपालीका लागि खुलेको विदेशको बाटो हुँदै अहिले लाखौं नेपाली युवा विभिन्न गन्तव्यमा पुगेका छन्। अहिले पनि आकर्षक गन्तव्य दक्षिण कोरिया नेपाली युवाको सहज पहुँचमा छैन। सम्झौता भएको लामो समय बित्दा पनि नेपालीहरू रोजगारका लागि सहज जापान पुग्न सकेका छैनन्।

विशेषगरी भारतीय बाटो हुँदै जोखिमपूर्ण क्षेत्र र देशमा काम गर्न गएका युवाहरूको अवस्था दयनीय छ। महिलाहरूले सुरक्षित अवसर पाउन सकेका छैनन्। सामाजिक उत्तरदायित्वको सवालमा पनि यो क्षेत्र सबल देखिएको छैन। स्पष्ट र ठोस आधारविना अव्यवस्थित रूपमा तीव्र विकास भएको यो क्षेत्रमा हाल थुप्रै विकृति र विसङ्गति देखिएका छन्। खाडी मुलुकको ५५ डिग्री सेन्टिग्रेड तापक्रममा पनि नेपालीहरू कठोर श्रम गर्न बाध्य छन्। कतिपयले त तापक्रममा अनुकूलता नमिलेर ज्यानै गुमाएका पनि छन्। घरपरिवार र आफन्त छोडेर अर्काको मुलुकमा आफ्नो अमूल्य श्रम र पसिना पोख्न उनीहरू बाध्य छन्। त्यसैले वैदेशिक रोजगारलाई व्यवस्थित गर्न सरकारले विसं २०६४ मा वैदेशिक रोजगार ऐन र विसं २०६८ मा वैदेशिक रोजगार नीति नै ल्याएको छ। यसका लागि नीतिमा विदेशमा रोजगारका अवसर खोज्ने, सीप प्रदान गरेर रोजगारमा पठाउने, यसका सबै चरणलाई सरल र सुरक्षित गराउने, महिला कामदारका मुद्दाहरू सम्बोधन गर्ने, ठगी नियन्त्रण गरी सुशासन कायम गर्ने, वैदेशिकलगायत स्रोत परिचालन गर्ने र विप्रेषणलाई मानव विकास तथा उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने उल्लेख छ। यस्ता नीति कार्यान्वयनका लागि श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, उद्धार र पुनःस्थापनाका लागि वैदेशिक रोजगार बोर्ड र श्रम स्वीकृति प्रदान गर्ने अन्य कार्यालयहरू स्थापना गरेर सङ्गठन संरचना नै तयार गरिएको छ। प्रदेश तहसम्म पनि सङ्घीय कार्यालयहरू रहेका छन् भने स्थानीय सरकारसम्बन्धी ऐन, २०७४ ले स्थानीय तहलाई समेत वैदेशिक रोजगारसम्बन्धी काम गर्नेगरी अधिकार प्रदान गरेको छ। अहिले कतिपय स्थानीय तहबाट यससम्बन्धी कामहरू भइरहेका पनि छन्। कसै-कसैले यी सबै व्यवस्थामार्फत सरकारले आन्तरिक रोजगार सिर्जना गर्नुभन्दा वैदेशिक रोजगारलाई प्रोत्साहन गर्न बढी ऊर्जा खर्च गरेको भनी विश्लेषण गरेका छन्।


वास्तवमा वैदेशिक रोजगार मूलतः सकसपूर्ण भए तापनि सरकारले ११० मुलुकमा संस्थागत र १७२ मुलुकमा व्यक्तिगतरूपमा कामका लागि जाने वातावरण तयार गरेकोले पनि यसको महत्त्व पुष्टि हुन्छ। विगतमा एकै वर्षमा करीब ६ लाख नेपाली युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका छन्। यस्तो प्रवृत्ति हटाउन सरकारले स्वदेशमैं दीर्घकालीन रोजगार सिर्जना हुने लगानी मैत्री वातावरण सिर्जना गर्न सक्नुपर्दछ। सरकारले अर्थतन्त्रलाई रेमिट्यान्समा बढी निर्भर पार्नुभन्दा दीर्घकालीनरूपमा स्वदेशमैं रोजगार सिर्जना गर्नका लागि गैरआवासीय नेपालीलाई लगानी गर्न तथा स्वदेशी बजार विकास र विस्तारका लागि अहिलेदेखि नै गम्भीर भएर जुट्नुपर्दछ। विदेशमा रहेका नेपालीलाई आफ्नो मातृभूमिमा रकम पठाउन प्रोत्साहन गर्न केही सकारात्मक कदम चाल्न सक्नुपर्दछ। मित्रराष्ट्र भारतले विदेशी भूमिमा रहेका भारतीय नागरिकलाई आफ्नो मातृभूमिमा रकम पठाउन 'पिपुल अफ इन्डियन ओरिजिन' कार्ड दिन्छ। यो कार्ड हुनेलाई भारतमा आउन भिसा लाग्दैन। त्यस्तै १९ भन्दा बढी मुलुकमा बस्ने भारतीय नागरिकलाई दोहोरो नागरिकता समेत दिएर देशको अर्थतन्त्रलाई सबल पार्न उनीहरूको सहयोग लिइराखेको छ। नेपालले पनि दिगो आर्थिक विकासका लागि भारतले गरेको यस्ता राम्रा कामको अनुसरण गर्न ढिलाइ गर्नुहुँदैन र मुलुकमा दिगो अर्थतन्त्रको विकासका लागि यस्ता सहुलियत प्रदान गरेर विदेशमा बसेका नेपालीहरूको सहयोग लिन सक्नुपर्दछ।

नेपालको अर्थतन्त्रको मूल आधार अहिले रेमिट्यान्स देखिए पनि यसलाई सधैं यही अवस्थामा राख्नुहुँदैन। किनभने यसले मुलुकलाई परनिर्भर बनाउँछ। यसको अर्थ रेमिट्यान्सको योगदानको अवमूल्यन भने कदापि होइन। अहिलेको अवस्था बिग्रन नदिई दीर्घकालीन आत्मनिर्भरताका लागि केही पाइला अगाडि सार्नु मात्र हो। त्यसपछि विदेशी मुद्रा आर्जनको अर्को महत्त्वपूर्ण क्षेत्र भनेको पर्यटन उद्योग हो। वास्तवमा नेपालको आर्थिक विकासको सशक्त मेरुदण्ड भनेको नै पर्यटन क्षेत्र हो। कुल गार्हस्थ्य उत्पादनमा थोरै भए पनि यसले रोजगारको क्षेत्रमा ठूलो र महत्त्वपूर्ण योगदान दिएको छ। नेपाललाई उच्चकोटीको समृद्ध राष्ट्र बनाउन र अर्थतन्त्रको आयाम फेर्न पर्यटनलाई आर्थिक क्रान्तिको आधारको रूपमा विकास गर्नैपर्दछ। प्राकृतिक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपालमा पर्यटकीय विकासको प्रशस्त सम्भावना छ। अनुपम प्राकृतिक सौन्दर्य, जीवजन्तु र वनस्पतिलगायत पर्यावरणीय विविधताले भरिपूर्ण नेपालमा थुप्रै पर्यटकीय क्षेत्रहरू पनि छन्। जसले नेपाललाई विश्व सामु चिनाउने मात्र नभई विदेशी मुद्रा आर्जनमा ठूलो सहयोग पुऱ्याइरहेका छन्। पर्यटन क्षेत्र विकासको दीर्घकालीन योजना बनाई त्यसको प्रभावकारी र व्यवस्थित कार्यान्वयन गरेमा रोजगारका प्रशस्त अवसर यही सिर्जना हुन सक्दछ।

त्यसैगरी पर्यटन क्षेत्रको दिगो विकासका लागि विदेशी लगानी भित्र्याउन सहज लगानीमैत्री नीति अवलम्बन गर्नुपर्दछ। यिनीहरूको आगमनले नेपाली बजार प्रतिस्पर्धात्मक हुनुका साथै रोजगारको अवसर बढ्ने छ। यी र यस्ता थुप्रै कुराहरूमा ध्यान दिन सके निकट भविष्यमा नेपालले रेमिट्यान्समा नै बढी भर पर्ने बाध्यात्मक अवस्थाको अन्त्य हुनेछ।

# दराजले गऱ्यो १८ प्रमुख बैंकहरूसँग सम्झौता

प्रस, काठमाडौं, १७ कात्तिक/




नेपालको सबैभन्दा ठूलो अनलाइन शपिङ फेस्टिभल ११.११ पुनः शुरू हुँदैछ। ११ लाख उत्पादनमा ८० प्रतिशतसम्मको छुटसहित दराजले ११.११ को पाँचौं संस्करण कात्तिक २५ गतेदेखि शुरू हुने घोषणा गरेको छ।

दशैं धमाका अभियानको सफलतापछि दराजले ग्राहकहरूलाई ११.११ को अवधिमा थप छुट उपलब्ध गराउन नेपालका अग्रणी बैंकहरूसँगको साझेदारी गरेको हो।

बैंक र प्रिपेमेन्ट छुटहरू दराजका वर्षभरिका सबै अभियानको महत्त्वपूर्ण हिस्सा रहेको छ र कम्पनीले दराज ११.११ को बैंक र प्रिपेमेन्ट छुटहरू अझ ठूलो र राम्रो हुने आश्वासन दिएको छ। ११.११ को लागि दराजले डेबिट/क्रेडिट कार्ड प्रिपेमेन्टमार्फत २० प्रतिशत छुट प्रदान गर्न नेपालका अग्रणी बैंकहरूसँग साझेदारी गरेको छ। बैंकका ग्राहकहरूले दराज ११.११ अभियानको सम्पूर्ण अवधिमा डेबिट कार्डमार्फत १५ प्रतिशत र क्रेडिट कार्डमार्फत २० प्रतिशतसम्मको छुट प्राप्त गर्नेछन्।

दराज ११.११ अभियानका लागि नबिल बैंक, कुमारी बैंक, सानिमा बैंक, माछापुच्छ्रे बैंक लिमिटेड, एभरेस्ट बैंक, सनराइज बैंक, मेगा बैंक, एनएमबी बैंक, सिटिजन्स बैंक, नेपाल बैंक, एनसिसी बैंक, नेपाल एसबिआई बैंक, सेन्चुरी बैंक, ज्योति विकास बैंक, साङ्ग्रिला बैंक, सिद्धार्थ बैंक, हिमालयन बैंक र कामना सेवा बैंकसँग सम्झौता गरेको छ।

## नारायणगढ ...

तीमध्ये पहिलो प्याकेजको ४५ र दोस्रो प्याकेजको ८२ प्रतिशत काम सकिएको आयोजनाले जनाएको छ। समग्रमा १५ वटा पुल निर्माणको काम ६० प्रतिशत सकिएको छ। सडकखण्ड अन्तर्गतका पुललाई दुई भागमा विभाजन गरेर ठेक्का लगाइएको हो। प्याकेज-१ मा इच्छाकामना गाउँपालिकाको मुग्लिनबाट रिद्धिखोलासम्मका पुल छन्। जसमा खहरे, चिसेन्जी, तुइन, काली, टोपे, न्याम्सी र रिद्धिखोला गरी सातवटा पुल छन्। प्याकेज-२ मा भरतपुर महानगरपालिका अन्तर्गत सिमलतालबाट जुगेडीसम्मका पुल पर्छन्। जुगेडी, खहरे, खोर, लामोबालुवा, भोर्ले, डुम्रे, सिमलताल र सेतीदोभान खोला गरी आठवटा पुल छन्। यो प्याकेज अन्तर्गत जुगेडीबाहेक अन्य पुलको ९० प्रतिशत काम सकिएको आयोजनाले जनाएको छ।

कार्कीका अनुसार प्याकेज-१ का सातवटा पुल ४४२ मिटर लामा छन् भने प्याकेज-२ का आठवटा पुल ३८१ मिटर लामा छन्। पुलको गाडी गुड्ने ठाउँ ७.५ मिटर फराकिलो हुनेछ। दुवैपट्टि १.५ मिटर फराकिला फूटपाथ र २५ सेन्टिमिटर रेलिङका लागि छुट्याइएको छ। दुवै ठेक्का एउटै कम्पनीको रहेको छ। १५ वटा पुलका लागि २०७६ चैत १० गते ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो। सम्झौताको ३३ महीनामा काम सम्पन्न गर्नेगरी 'अनक कन्स्ट्रक्शन'ले ठेक्का लिएको थियो तर सम्झौताको म्याद सकिन दुई महीना मात्रै बाँकी छ। एक वर्ष म्याद थप गर्ने आयोजनाको तयारी छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०


# सप्तरी २ को प्रदेशसभा २ मा त्रिपक्षीय प्रतिस्पर्धा

राजविराज, १७ कात्तिक/रासस

सप्तरीको निर्वाचन क्षेत्र २ को प्रदेशसभा २ मा पूर्वमन्त्रीसहित त्रिपक्षीय प्रतिस्पर्धा हुने भएको छ। सत्तारूढ गठबन्धनबाट पूर्वमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का नेता उमेश यादव र जसपा-एमाले गठबन्धनबाट जसपा नेता लक्ष्मण यादव तथा जनमत पार्टीबाट पूर्वमाओवादी नेता महेश यादवबीच कडा प्रतिस्पर्धा हुने बताइएको छ।




पैतालीस हजार ४७६ मतदाता रहेको यस क्षेत्रमा १४ उम्मेदवार चुनावी मैदानमा छन्। मुख्य प्रतिस्पर्धा भने महेश यादव, उमेश यादव र लक्ष्मण यादवबीच नै हुने मतदाताको अनुमान छ। यस क्षेत्रबाट नेमकिपाका महिदेव चौधरी, राप्रपा नेपालका फुदनलाल खँग, राप्रपाका फुलेन्द्र मण्डल, नेपाल सङ्घीय समाजवादी पार्टीका मो. परमुद, हाम्रो नेपाली पार्टीका खेलानन्दकुमार दास तथा स्वतन्त्रतर्फ सकुन्तलादेवी यादव, रिङ्कुदेवी यादव, गङ्गाराम यादव, नीरजकुमार शाही र दुर्गानन्द यादव पनि चुनावी मैदानमा छन्।

यस क्षेत्रमा राजविराज नगरपालिकाका सबै १६ तथा महादेवा गाउँपालिकाका दुईवडा पर्दछन्। स्थानीय तहको निर्वाचनमा यस क्षेत्रमा जसपाले प्रमुख पदमा १० हजार ३४५ र एमालेले एक हजार ३८७ मत प्राप्त गरेका थिए। यस्तै, माओवादीका प्रमुखका उम्मेदवारले पाँच हजार ४४६, काङ्ग्रेसका प्रमुखका उम्मेदवारले चार हजार ७६७, लोसपाका प्रमुखका उम्मेदवारले तीन हजार ४८१, एकीकृत समाजवादीका प्रमुखका उम्मेदवारले दुई हजार ८९० मत ल्याएका थिए।

यस्तै, जनमत पार्टीका प्रमुख पदका उम्मेदवारले एक हजार १०७ मत ल्याएका थिए। यस मतभारका आधारमा अहिले सत्ता गठबन्धनका उम्मेदवार बलिया देखिन्छन्। अघिल्लो चुनावमा यस क्षेत्रबाट सङ्घीय समाजवादी फोरम र राजपा गठबन्धनका साझा उम्मेदवार मनीष सुमन निर्वाचित भएका थिए। उनी यसपटक समानुपातिकतर्फ उम्मेदवार बनेका छन्। त्यति बेला उनका निकटतम प्रतिद्वन्द्वी रहेका माओवादी केन्द्रका महेश यादव अहिले माओवादी पार्टी त्यागेर जनमत पार्टीबाट उम्मेदार बनी दोस्रोपटक चुनावी मैदानमा छन्।

सत्तारूढ गठबन्धनका उम्मेदवार माओवादीका उमेश यादव र जसपाका लक्ष्मण यादव पनि नगर क्षेत्रमा पकड बलियो बनाउन भरपूर्ण प्रयास गरिरहेका छन्। ग्रामीण क्षेत्रमा भने तीनवटै उम्मेदवारको मतभार उस्तै-उस्तै रहेको बताइन्छ।

# अन्तर्राष्ट्रिय समाचार

## चिनियाँ कम्पनीसँगको सम्झौता खारेज



तस्वीर: एजेन्सी

ओटावा, १७ कात्तिक/सिन्ह्वा

क्यानडाले चिनियाँ कम्पनीसँग गरेका खनिज सम्झौता खारेज गरेको छ। राष्ट्रिय सुरक्षालाई दृष्टिगत गरी तीनवटा चिनियाँ कम्पनीसँगको सम्झौता कार्यान्वयन नगर्ने निर्णयमा क्यानडा पुगेको हो। साथै उसले ती कम्पनीलाई सम्झौताबाट बाहिरिन आदेश पनि दिएको छ।

क्यानडाका विज्ञान एवं उद्योगमन्त्री फ्रान्कोइस फिलिप स्याम्पेनले खनिज क्षेत्रमा संलग्न देशका कम्पनीको लगानीको समीक्षापछि सरकार उक्त निर्णयमा पुगेको बताएका छन्। मन्त्री स्याम्पेनका अनुसार प्रत्यक्ष वैदेशिक लगानीलाई स्वागत गर्ने देशको नीति भएपनि मुलुकको राष्ट्रिय सुरक्षा तथा महत्त्वपूर्ण खनिज आपूर्ति शृङ्खलामा समस्या हुन नदिन उक्त निर्णय गरिएको हो।

चीनले विश्वभरका दुर्लभ खनिज तत्त्वमाथि आफ्नो प्रभुत्व कायम गरिरहेका बेला क्यानडाको उक्त निर्णय सार्वजनिक भएको छ। धातु एवं खनिजमा आत्मनिर्भर बन्ने बेइजिङको प्रयासमा तुषारापात भएको छ। चीनले आफैं धेरै खनिज उत्पादन नगरे पनि क्यानडालगायत देशबाट आवश्यक कच्चा पदार्थ प्राप्त गर्न ती मुलुकमा भारी मात्रामा लगानी गरेको छ। रासस

## डुङ्गा डुब्दा हराएका बीस यात्रीको शव भेटियो

एथेन्स, १७ कात्तिक/सिन्ह्वा

ग्रिकको इभामा अवस्थित समुद्री किनारबाट त्यहाँ डुङ्गा डुब्दा हराएका २० जना यात्रीको शव निकालिएको बताइएको छ। उद्धारकर्मीहरूले ती शव निकालेको अधिकारीहरूले जानकारी दिएका छन्। उद्धारकर्मीहरूका अनुसार सो क्षेत्रमा मङ्गलवार डुँगा डुब्दा ती यात्री हराएका थिए।

मङ्गलवारदेखि उद्धारकर्मीहरूले खोजी जारी राखेका र बुधवार उनीहरूको शव भेटिएको बताएका छन्। ग्रिकको राष्ट्रिय समाचार समितिले डुङ्गा डुबेपछि मङ्गलवार नै उद्धारकर्मीहरू त्यहाँ पुगेका तर आँधीका कारण उद्धारको काममा कठिनाइ भएको बताएको छ। सोही दिन १२ जनालाई जीवितै उद्धार गरिएको पनि सो समाचार समितिले जनाएको छ।

त्यसमा परेका अरू २० जनाको शव बुधवार निकालिएको पनि सो समाचार उद्धारकर्मीलाई उद्धृत गर्दै सो समाचार समितिले जनाएको छ। जीवितै उद्धार गरिएकाहरूले सो डुङ्गामा ६८ जना यात्री रहेका जनाएका छन्। त्यस डुङ्गामा इजिप्ट, अफगानिस्तान र इरानका आप्रवासीहरू रहेका बताइएको छ। रासस

## इथियोपियामा भएको युद्धविरामलाई सहयोग गर्न राष्ट्रसङ्घीय प्रमुखको आग्रह

संयुक्त राष्ट्रसङ्घ, १७ कात्तिक/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घीय प्रमुखले इथियोपियामा भएको युद्धविरामलाई सबैले सहयोग गर्नुपर्ने बताएका छन्। इथियोपियाको सरकार र यहाँ हिंसात्मक युद्ध गरिरहेको विद्रोहीका बीचमा भएको युद्धविरामलाई सहयोग गर्न संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसले सो आग्रह गरेका हुन्।




तस्वीर: सिन्ह्वा

दक्षिण अफ्रिकाको पिर्टोरियामा गएका केही दिनदेखि इथियोपियाको सरकारका प्रतिनिधि र यहाँको टिगरे क्षेत्रमा गएका केही वर्षदेखि हिंसा जारी राखेको विद्रोही समूहका बीचमा शान्ति वार्ता भएको थियो। सो वार्तापछि बुधवार यी दुवै पक्ष तत्कालै युद्धविराम गर्न सहमत भएका बताइएको छ। सो युद्धविरामको संयुक्त राष्ट्रसङ्घ र विश्व समुदायले नै स्वागत गरेको छ। संयुक्त राष्ट्रसङ्घ महासचिव गुटरेसले पनि सो क्षेत्रमा युद्धविरामको स्वागत गर्दै इथियोपियाली नागरिक र विश्व समुदायलाई यस कार्यको स्वागत गरी आवश्यक सहयोग गर्नुपर्ने बताएका छन्। उनले टिगरे क्षेत्रमा जारी रहेको हिंसाका कारण यहाँको जनजीवन अत्यन्तै प्रभावित भएको भन्दै यसबाट नागरिकको शान्तिपूर्ण र स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्न तथा देशमा शान्ति स्थापना गर्न सबैको सहयोग आवश्यक रहेको बताएका छन्।

बुधवार इथियोपियाली सरकार र उत्तरी इथियोपियाली टिगरे क्षेत्रका विद्रोहीका तर्फबाट तोकिएका वार्ता टोलीका तर्फबाट एक संयुक्त प्रेस विज्ञप्ति जारी गरी तत्कालका लागि युद्धविराम गर्न सहमत भएको जनाइएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — धनलाभ | वृष — कर्मप्राप्ति |
| मिथुन — राज्यलाभ | कर्कट — रोगभय |
| सिंह — व्यापारवृद्धि | कन्या — कडाश्रम |
| तुला — सुसमाचार | वृश्चिक — भयचिन्ता |
| धनु — मित्रमिलन | मकर — अतिथिआगमन |
| कुम्भ — सुयश | मीन — खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A36FX5MCJ99354, इन्जिन नं JLXCMJ26390 भएको प्र.०१–०२–०५१ प ३४२१ नम्बरको २०० सिसीको ग्रे (खैरो) रङ्गको बजाज पल्सर २००NS ABS मोटरसाइकल २०७९/०७/१५ गते राति करीब ८:०० बजे कृषि औजार अनुसन्धान केन्द्र, श्रीपुरस्थित घरको अगाडिबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८२५२८२१६७ वा ९८६७७८१०६३ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

**मनसफ आलम गदी**
जगरनाथपुर गापा–१, पर्सा

### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं LBBL1700XMBC57702, इन्जिन नं QJ157FMJBO5050370 भएको प्र.०२–०३–०२२प–४६१० नम्बरको Qiaijtang Motor कम्पनीको १५० सिसीको कालो रङ्गको TNT 15 मोटरसाइकल २०७९/०७/१३ गते मध्याह्न १२:३० बजे जीतपुरको मस्जिद पछाडि होटलनजीकैबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो.नं. ९८०७२९९०४७ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

**आदेश महतो**
जीतपुरसिमरा उपमनपा–८, रमौली



निर्वाचन आचारसंहिता उल्लङ्घन अनुगमनको क्रममा इलाका प्रहरी कार्यालय, पोखरिया र सशस्त्र प्रहरी सुरक्षा बेस क्याम्प, पोखरियाको टोलीले बिहीवार पर्साको पोखरिया नगरपालिकाको बजार, विन्ध्यवासिनी गापाको अमरपि, पकहामैनपुर गापा, पटेर्वासुगौली, निचुटा, देउरियालगायत स्थानमा राखिएका चुनाव प्रचारप्रसार सामग्री फ्लैक्स बोर्ड, झन्डा, बोर्ड, ब्यानर हटाउँदै। तस्वीर: धर्मेन्द्र चौरसिया

### आयोगद्वारा निर्वाचन.....

प्रतिनिधि परिचालनलगायतका क्षेत्रमा खर्च गर्न पाउनेछन्।

आयोगले गत असोज १६ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ राजनीतिक दल वा उम्मेदवारले गर्ने खर्चको अधिकतम सीमा निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या, मतदान केन्द्रको सङ्ख्या र क्षेत्रफललाई आधार मानी सूत्रमा आधारित भई निर्वाचन खर्चको हद तोकेको हो।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा निर्वाचन खर्चको विवरण नबुझाउने एक लाख १४ हजार ९५८ र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने आठ हजार ८६६ समेत गरी कुल एक लाख २३ हजार ६२४ उम्मेदवारलाई आयोगबाट जरिवानासहित कारबाई गरिएपछि निर्वाचन खर्चको विवरण दुरुस्त राख्न दल र उम्मेदवार बाध्य भएका छन्।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा ४ र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र निर्वाचन खर्चको विवरण नबुझाउनेलाई आयोगले जरिवाना तोक्नेछ।

प्रत्यक्षतर्फ खर्चको सीमा निर्धारण गर्दा आयोगले निर्वाचन क्षेत्रमा कायम मतदाताको सङ्ख्यालाई ६० प्रतिशत, मतदान केन्द्रको आधारमा सम्बन्धित निर्वाचन क्षेत्रमा कायम भएको मतदान केन्द्रको सङ्ख्यालाई २० प्रतिशत र भौगोलिक क्षेत्रको हकमा सम्बन्धित निर्वाचन क्षेत्रले ओगटेको क्षेत्रफललाई २० प्रतिशत भारलाई आधार मानेको छ।

आचारसंहिता बमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेश गर्नुपर्नेछ।

निर्वाचन खर्चको हिसाबकिताब आयोगले तोकेको ढाँचा र लेखाप्रणाली अनुसार राख्नुपर्ने र राजनीतिक दलको तर्फबाट हुने निर्वाचनसम्बन्धी स्वेच्छिक आर्थिक सहयोग लिंदा तथा खर्च गर्दा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १६ बमोजिम गर्नुपर्नेछ।

राजनीतिक दलले निर्वाचनसम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको नाम नामेसीसहितको विवरण दश दिनभित्र आयोगमा पठाउनुपर्नेछ।

#### सत्रवटा सञ्चारमाध्यमबाट आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण

प्रेस काउन्सिल नेपालले गरेको निर्वाचन केन्द्रित आचारसंहिता अनुगमनका क्रममा १७ वटा समाचार माध्यमबाट आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण भएको पाइएको छ।

यही कात्तिक १६ गते बेलुका ५ बजेसम्मको सङ्ख्यात्मक विवरणानुसार दुईवटा छापा माध्यम, दुई टेलिभिजन र १३ वटा अनलाइनले निर्वाचन आचारसंहिताप्रतिकूल समाचार तथा समाचार–सामग्री सम्प्रेषण गरेको काउन्सिलले जनाएको छ।

ती समाचार माध्यममध्ये चारवटालाई निर्देशन, दुई वटालाई ध्यानाकर्षण, छवटालाई सचेत र चारवटालाई स्पष्टीकरणपत्र पठाइएको र दर्ता/सूचीकरण नभएका दुईवटा न्यूज पोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने बनाउन नेपाल दूरसञ्चार प्राधिकरणमा पत्राचार गरिएको काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालले जानकारी दिए।

अनुगमनका क्रममा केही सञ्चारमाध्यमबाट राजनीतिक दल तथा उम्मेदवारको एकपक्षीय वकालत गर्ने, एउटै सामग्रीमा कुनै राजनीतिक दल, दलका उम्मेदवारका बारेमा पक्षपोषण गर्ने र कसैको बारेमा नकारात्मक प्रभाव पार्ने तथा होच्याउने किसिमले तथ्यगत पुष्ट्याइँबेगर विश्लेषण हुने गरेको पाइएको छ। काउसिन्सलले त्यसतर्फ सजगता अपनाउन पनि सम्पूर्ण सञ्चारमाध्यममा आग्रह गरेको छ।

यस्तै राजनीतिक दलको आमसभा, भेलाजस्ता कार्यक्रममा एक–अर्को दल तथा दलका उम्मेदवारप्रति व्यक्त हुनसक्ने घृणास्पद अभिव्यक्तिलाई स्थान नदिनेतर्फ सञ्चारमाध्यम सजग रहनुपर्नेमा काउन्सिलले जोड दिएको छ। निर्वाचन आचारसंहिता, २०७९ को दफा २५(च) मा 'कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबुक, मेसेञ्जर, ट्वीटर, भाइबर, युट्युब, इन्स्टाग्राम, अनलाइनजस्ता विद्युतीय माध्यमको प्रयोग गरी कुनै सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा सेयर, ट्याग, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने' व्यवस्था रहेको हुँदा त्यसतर्फ ध्यान पुऱ्याउन काउन्सिलले पुनः स्मरण गराएको छ।

काउन्सिलले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र संवर्द्धन गर्न सदैव क्रियाशील र सजग रहेको प्रष्ट पार्दै निर्वाचन सफल बनाउन राज्यका विभिन्न निकायजस्तै सञ्चार जगत्को पनि विशेष भूमिका हुने हुँदा स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित र सन्तुलितरूपमा समाचार सम्प्रेषण गर्न सम्पूर्ण पत्रकार तथा सञ्चारमाध्यमलाई आग्रह गरेको छ।

### सिम्रौनगढ ...

राखेका थिए।

सिम्रौनगढ नगरपालिकाले करार र ज्यालादारी कर्मचारीहरूलाई हटाएपछि सोको विरोधमा उनीहरूले नपा कार्यालयमा तालाबन्दी गरेका हुन्। बिहीवार आज १७औं दिनसम्म पनि नगरपालिकाको ताला खोलिएको छैन।

### कृषि...........

वीचिकाली पनि यथावस्थामा सञ्चालन गर्न सकिने प्रतिवेदन प्राविधिकहरूले बुझाए पनि अहिलेसम्म सरकारले वीचिकाली सञ्चालनको लागि आश्वासन मात्र दिइरहेको छ। कृषि औजार कारखाना सञ्चालनको लागि पहिलोचोटि प्राविधिक टोली खटेको हो। वीचिकालीको लागि पटक–पटक प्राविधिक टोली आउने गरेको र सञ्चालन योग्य प्रतिवेदन दिए पनि सञ्चालनमा आउन नसकेको कारण कृषि औजार कारखाना पनि सञ्चालन आउने कुरामा कर्मचारी र स्थानीयवासीलाई विश्वास छैन। उनीहरूले यो सरकारको चुनावी हतकण्डा भनेर टिप्पणी गरेका छन्।

### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A11CY5MPA82407, इन्जिन नं DHYRMM54009 भएको प्र.०२–०३–०१६ प ३१४ नम्बरको १४९.५ सिसीको कालो/रातो रङ्गको बजाज पल्सर मोटरसाइकल २०७९/०६/१६ गते राति ८:३० देखि ९:३० बजे वीरगंज महानगर–१० घडीअर्वा पोखरीबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८४५०६१९८८ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

**हरिनारायण राउत अहिर**
सखुवाप्रसौनी गापा–२, पर्सा

### जंगली..........

छ।

डिभिजन वन कार्यालय, पर्साका सहायक वन अधिकृत फरमान मियाँले जङ्गलमा जनावरको सङ्ख्या वृद्धि भएपछि जनावरको बासस्थानका लागि विगत तीन वर्षमा २५० हेक्टर जमीनमा वृक्षारोपण गरी पुनः जङ्गल निर्माण गरिएको बताए। जङ्गलभित्र फँडानी भई नाङ्गो गौचरणको रूपमा प्रयोग भएको खाली जमीनमा वृक्षारोपण गरी जङ्गल निर्माण गरिएको र सोही ठाउँलाई जनावरहरूले बासस्थानको रूपमा प्रयोग गरिरहेको उनले बताए।

पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अशोक रामले निकुञ्जमा जनावरको सङ्ख्या वृद्धि भएको बताए।

निकुञ्जमा बाघ ४१, हात्ती ६५, गैंडा पाँच, नीलगाईको सङ्ख्या १०५ पुगेको अधिकृत रामले बताए। यसका साथै चित्तल, हरिण, बँदेललगायत जङ्गली जनावरको सङ्ख्यामा वृद्धि भएको अधिकृत रामले बताए।

# बिहीवार पनि उम्मेदवारहरू घरदैलोमा व्यस्त

प्रस, वीरगंज, १७ कात्तिक/

पर्सा, बारा जिल्लामा चुनावी रौनक बढ्दैछ। कात्तिक १७ गतेसम्म जनसभा, कोणसभामा रोक लगाइएका कारण



उम्मेदवारहरूले बिहीवार पनि घरदैलो कार्यक्रमलाई निरन्तरता दिए।

निर्वाचन आचारसंहिता पालना गर्ने नसकेकाहरूलाई दण्डित गरिनु र दण्डित भएका, आचारसंहिता पालना नगरेकाहरूलाई समानुपातिक सूचीबाट हटाउने र शीर्ष नेताहरूलाई आचारसंहिता उल्लङ्घन गर्दा स्पष्टीकरण सोधिएका कारण दल तथा उम्मेदवारहरू आचारसंहिता पालनामा बढी जिम्मेवार

तुल, ब्यानर, पर्चा, पोस्टर, पम्प्लेट, वाल पेन्टिङ आदिबाट महानगरको मेनरोड मुक्त छ। अघिल्लो चुनावमा महानगर चुनावी रङ्गमा रङ्गिएको थियो। सडकका सार्वजनिक स्थल, पोल, घर, पसलमा चुनावी पोस्टर छ्याप्छ्याप्ती थिए। यसपटक त्यस्तो छैन।

मेनरोड निर्वाचनको प्रचारप्रसारबाट पूर्णरूपमा मुक्त छ। दल र उम्मेदवारहरूले निर्वाचन स्थल लक्षित प्रचारप्रसार गरेका छन्। मतदान हुने स्थल वरिपरि पोस्टर, पम्प्लेट, ब्यानर झुन्डयाउने कार्य शुरु छ। गाउँका बजारमा पनि निर्वाचन आयोगले पोस्टर, पम्प्लेट हटाएपछि मुख्य बजार छोडेर सहायक सडकहरूमा चुनावको प्रचारप्रसार गरिँदैछ।




तस्वीर: सौजन्य

क्रममा अघिल्लो चुनावभन्दा यो चुनावमा दल र उम्मेदवारहरू अलि बढी जिम्मेवार देखिएका छन्। जिम्मेवार हुनुमा स्थानीय चुनावमा हरहिसाब बुझाउन देखिएका हुन्। चुनावका लागि अहिले दुई हप्ता बाँकी छ तर वीरगंज महानगरको मेनरोड प्रचारप्रसारविहीन छ।

निर्वाचन आयोगको आँखा छलेर मुख्य बजारलाइ निर्वाचन प्रचारप्रसार मुक्त गर्ने र सहायक सडकमा प्रचार गर्ने कार्यलाई अहिले दल र उम्मेदवारहरूले निरन्तरता दिएका छन्। यसैबीच, बिहीवार दलका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारहरूले घरदैलो कार्यक्रम गरी मतदाता आकर्षित गरेका छन्।

वीरगंज-१७ अलौँमा सत्तारूढ गठबन्धनबाट पर्सा क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यमा नेपाली काङ्ग्रेसका उम्मेदवार अजयकुमार चौरसिया र सोही क्षेत्रको २ बाट प्रदेशसभाका उम्मेदवार लोसपाका रमेश पटेलले संयुक्त घरदैलो कार्यक्रम सम्पन्न गरे। अलौँवासीलाई उनीहरूले गठबन्धनका उम्मेदवारहरूलाई मतदान गरेर विजयी बनाउन आग्रह गरे।

यसैगरी, साँझ अलौं बजारमा गठबन्धनले कोणसभा गरेको थियो। कोणसभामा गठबन्धनका मनोज चौधरी, ओमकृष्ण लामिछाने, किसुनदेव यादव, पुरुषोत्तम पटेल, नन्दलाल यादव, कनवर मन्सुरी, शेख फिरोजले मन्तव्य व्यक्त गरेका थिए। यसैगरी, क्षेत्र नं २ (१) बाट प्रदेशसभा सदस्यका उम्मेदवार नेकाका श्याम पटेलले वडा नं २८ बहुअरीमा घरदैलो गरेका थिए। घरदैलोमा जोगिन्द्र महतो, हरिन्द्र महतो, वैकुण्ठ श्रीवास्तव, मुन्ना तिवारी, उमेश तेलीलगायतको सहभागिता थियो।

पर्सा क्षेत्र नं १ (२) मा प्रदेशसभा सदस्यमा हाम्रो नेपाली पार्टीका उम्मेदवार ओमप्रकाश सर्राफले वीरगंज-१५ भिस्वा र वडा नं २ घुसुकपुरमा बिहीवार घरदैलो कार्यक्रम गरे। उनीसँगै प्रदेशसभा सदस्यमा समानुपातिककी उम्मेदवार गुड्डी जोशीलगायत सहभागी थिए। हिजो साँझ यो टोलीले वीरगंज-५ रेशमकोठीमा घरदैलो गरेको थियो।

पर्सा क्षेत्र नं ४ (१) मा स्वतन्त्र उम्मेदवार प्रहलाद साह कानूले आज कालिकामाई गापामा घरदैलो गरेका छन्।

पर्सा क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रदीप यादवको पक्षमा महिला नेत्रीहरूले बिहीवार घरदैलो अभियान गरेका छन्।

समाजवादी महिला सङ्घ मधेस प्रदेशकी उपाध्यक्ष पिङ्की यादवको अगुवाइमा वीरगंज-१४ मा बिहीवार घरदैलो कार्यक्रम भएको हो।

कार्यक्रममा जसपा नेत्रीहरू अन्नपूर्ण मानन्धर, पिङ्की सिंह, प्रेरणा श्रेष्ठलगायतको सहभागिता थियो।

***प्रस, बारा/***

बारा क्षेत्र नं ४ बाट सत्तारूढ गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकपा (एस)का किसान श्रेष्ठ, ४ (२) बाट प्रदेशसभा सदस्यका उम्मेदवार जीतेन्द्र सोनलले विश्रामपुर, बलिरामपुर, खुदियाटोलमा घरदैलो कार्यक्रम र कोणसभा गरेका छन्। कोणसभामा उम्मेदवारद्वय श्रेष्ठ र सोनलले सत्तारूढ गठबन्धनका उम्मेदवारहरूलाई विजयी गराउन आग्रह गरे। उनीहरूले प्रजातन्त्र र संविधान रक्षाको लागि सत्तारूढ गठबन्धन बनेको र सोका उम्मेदवारहरूलाई विजयी गराउनुपर्ने जिकिर गरे। यसैगरी, उनीहरूले एमालेको दबाबमा राष्ट्रपतिले नागरिकता विधेयक दोस्रोपटक पनि निस्तेज गरेको र सत्तारूढ गठबन्धन पुनः सरकारमा गएको खण्डमा यो विधेयकलाई पारित गराइछाड्ने आश्वासन दिए। कार्यक्रममा गठबन्धनका नेताहरू विजय गुप्ता, सुनील गुप्ता, सीताराम गुप्ता, मदन यादव, रमेश सर्राफ, राजु सिंहलगायतको सहभागिता थियो।




# खेलकूदको संसार

## ब्रह्मज्योति गोल्डकप: कसले बाजी मार्ला ?

चिरञ्जीवी सापकोटा, ठोरी, १७ कात्तिक/

ठोरी गाउँपालिका-३ ब्रह्मनगरमा ब्रह्मज्योति स्पोर्ट्स क्लबको आयोजनामा जारी ब्रह्मज्योति नकआउट फूटबल प्रतियोगिताको शुक्रवार फाइनल खेल सम्पन्न हुन गइरहेको छ।




८/१० वर्षअगाडि फूटबल प्रतियोगिता आयोजना गरेको ब्रह्मज्योति स्पोर्ट्स क्लबले लामो समयपछि नकआउट फूटबल प्रतियोगिताको आयोजना गरेको हो। यो प्रतियोगितामा पर्सा, बारा, रौतहटका गरी २० वटा टीम सहभागी छन्। प्रतियोगिताका विजेतालाई रु एक लाख पाँच हजार, उपविजेतालाई ५३ हजार, शिल्ड, प्रमाणपत्रको व्यवस्था छ।

शुक्रवार फाइनलमा शिकारीवास ठोरीको अगम युवा फूटबल क्लब र ठोरीकै निर्मल समाज युवा क्लब भिड्दैछन्। दुवै टीम यो प्रतियोगिताको सशक्त टीम हुन् र दुवै टीममा बाह्य खेलाडीहरूको बाहुल्यता छ। शिकारीवासको अगम युवा क्लबबाट मधेस प्रदेशमै नाम कहलिएका कृपा चौधरी, लक्ष्मण चौधरीलगायत संलग्न छन्। यो क्लबको नाम मात्र शिकारीवास हो, खेलाडीहरू भने सबै प्रदेश र राष्ट्रिय स्तरका छन्।

यसैगरी, निर्मल समाजबाट पनि स्थानीय खेलाडीभन्दा चितवनका खेलाडीहरूको बाहुल्यता छ। समीर थापामगर, रितिश क्षत्री, विशेष तामाङ, अश्विन घिमिरे, सुमन चौधरीलगायतका खेलाडीहरू बाह्य हुन्। उनीहरूको खेल पनि निकै उत्कृष्ट छ। दुवै टीमले फाइनल जित्ने दाबी गरेका छन्। बाह्य खेलाडीको बाहुल्यता भएको कारण निर्मल समाजले प्रतियोगिता जित्ने दाबी गरेको छ।

यसैगरी, नाम चलेका खेलाडीहरू भएका कारण र उत्कृष्ट खेल प्रदर्शनका कारण अगम युवा क्लबले पनि आफ्नो जीतको दाबेदारी गरेको छ।

**चाँदीको जुत्ताको दाबेदार**

प्रतियोगिताको फाइनलमा सबैभन्दा बढी गोलकर्तालाई चाँदीको जुत्ता दिने आयोजकले घोषणा गरेको छ। यसका लागि अगम युवा क्लबका कृपा चौधरी र निर्मल समाजका विशेष तामाङ तथा रितिश क्षत्रीको नाम चर्चामा छ। यिनीहरूले अहिलेसम्म प्रतियोगितामा सबैभन्दा बढी गोल गरेका छन्। फाइनलमा यीमध्ये गोल सङ्ख्या बढाउनेले चाँदीको जुत्ता पाउनेछ।

## प्रधानमन्त्री कप क्रिकेट : पुलिसको जीत

काठमाडौं, १७ कात्तिक/रासस

नेपाल पुलिस क्लब लुम्बिनी प्रदेशलाई पराजित गर्दै प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीवार भएको खेलमा पुलिसले लुम्बिनी प्रदेशलाई छ विकेटले हराउँदै सेमिफाइनलमा पुगेको हो। लुम्बिनीले दिएको १८९ रनको विजयी लक्ष्य पछ्याएको पुलिसले ३७ दशमलव एक ओभरमा चार विकेट गुमाएर पूरा गर्‍यो।

पुलिसको जीतमा दीपेन्द्रसिंह ऐरीले अविजित रहँदै सर्वाधिक ४३ रनको योगदान दिए। त्यस्तै, आरिफ शेखले ३५ रन बनाए भने सुनील धमलाले ३६ तथा कुशल भुर्तेलले ३२ रन बनाए। त्यस्तै, अमित श्रेष्ठले २८ रन बनाए। बलिङतर्फ लुम्बिनीका अनिल खरेलले दुई तथा दुर्गेश गुप्ता र मोहमद हुसेनले समान एक/एक विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको लुम्बिनीले ४४ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै १८८ रन बनाएको थियो। लुम्बिनीका लागि कप्तान देव खनालले सर्वाधिक ७४ रनको योगदान दिए। त्यसैगरी, विशाल विक्रम केसीले ३० रन जोडे भने प्रज्वल थापाले २३ रन बनाए। दुर्गेश थापा र मोहमद हुसेनले समान ११/११ रन जोडे।

लुम्बिनीलाई १८८ रनमा समेट्ने क्रममा पुलिसका दीपेन्द्रसिंह ऐरी एक्लैले चार विकेट लिए। त्यस्तै, सागर ढकाल र करण केसीले समान दुई/दुई विकेट झारे। जीतसँगै पुलिस तीन खेलमा छ अङ्क जोड्दै समूह 'बी'को शीर्ष स्थानमा रहेको छ। पराजित लुम्बिनी दुई खेलमा दुई अङ्क जोडेर अङ्कतालिकाको दोस्रो स्थानमा रहेको छ।

# घरको छतमा महतोको हत्या

राजेश केशरीवाल, रक्सौल, १७ कात्तिक/

भारत, बिहार, रक्सौल अनुमण्डल अन्तर्गत आदापुर थाना क्षेत्रको मङ्हरहरा गाउँमा एकजना व्यक्तिको हत्या भएको छ। मृतक सोही गाउँ निवासी २५ वर्षीय अनिल महतो रहेको प्रहरीले जनाएको छ। बुधवार राति हत्या भएको अनिलको शव उनको घरको छतबाट प्रहरीले फेला



तस्वीर: फाइल

पारेको थियो। हत्याको आशङ्कामा मृतककी पत्नी, भाउजू र बहिनीलाई प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको छ। घटनाको दिन अनिल आफूसँग सुतिरहेको र कुन बेला उनी छतमा गएको आफूले थाहा नपाएको प्रहरीसमक्ष निजकी पत्नीले बयान दिएकी छन्। छतबाट प्रहरीले शव फेला पारेको र परिवारका सदस्यमाथि हत्याको आशङ्का रहेको थानाध्यक्ष महेन्द्र कुमारले बताए।

**जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं।**

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनः प्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाइ प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लास्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।
- शहर तथा गाउँ स्वच्छ र सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड